जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १२ • २०८३ साल जेठ १८ गते सोमबार (1 June, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## २५ जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । ट्राफिक नियम उल्लंघन गर्दै गाली गलौजसहितका भिडियो सामाजिक सञ्जालमा पोष्ट गर्ने आरोपमा २५ जना पक्राउ परेको छ ।

सिरहा-चोहर्वा सडक खण्डमा प्रहरीको नियमित चेकजाँचको क्रममा उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

सप्तरीको बलानबिहुल गाउँपालिकाका १२ जना तथा सिरहाको लहान नगरपालिकाका २ जना, विष्णुपुर गाउँपालिकाका ६ जना र भगवानपुर गाउँपालिकाका ५ जना गरी २५ जना युवाहरूलाई २१ थान मोटरसाईकलसहित नियन्त्रणमा लिइएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक रमेश बहादुर पालले जानकारी दिएका छन् ।

किंग्स अफ बालेन, किंग अफ भगवानपुर, किंग अफ लहान, किलर ब्रदर्श जस्ता ग्रुपहरुको नाममा टिकटक, फेसबुक तथा अन्य सामाजिक सञ्जालमा युवाहरूको समूह बनाई विभिन्न किसिमका गालीगलौज र धम्कीयुक्त भिडियोहरू उनीहरुले पोस्ट गर्ने गरेका थिए ।

ट्राफिक नियमको उल्लंघन गरी बिना हेल्मेट, कागजपत्र तथा बिना नम्बर प्लेटको प्रत्येक मोटरसाईकलमा ३/४ जना सवार युवा राजमार्गमा हो-हल्ला तथा सामाजिक शान्ति भंग गरी समाजमा आतंक मच्चाइरहेको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

### संसदमा प्रधानमन्त्रीको पहिलो अभिव्यक्ति विवादमा

# माफी माग्न विपक्षी दलहरुको माग, परराष्ट्र मन्त्रालयको सफाई

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचनपछि प्रधानमन्त्रीको हैसियतमा पहिलो पटक प्रतिनिधि सभामा सम्बोधन गरेका प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' नेपाल-भारतको सीमा सम्बन्धमा दिएको अभिव्यक्तिले विवादमा तानिएका छन् ।

लिपुलेक, लिम्पियाधुरा र कालापानीको विवादबारे नेकपा एमालेका सांसद पद्मा अर्यालले सोधेको प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री बालेनले नेपालले पनि भारतको सीमा मिचेको बताए । 'तपाईँहरूलाई एउटा कुरा अचम्म लाग्ला, भारतले नेपालको जग्गा मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ' उनले भने, म प्रधानमन्त्री भएपछि यो कुरा थाहा पाएँ ।'

'लिपुलेक र लिम्पियाधुराको विषयमा नेपाल सरकारले आधिकारिक रूपमा डिप्लोमेटिक नोट भारत सरकारलाई पठाइसकेको छ ' उनले सरकारको धारणा प्रष्ट्याउँदै भने, त्यसको जबाफ पनि आएको छ । दुवै सरकारले आफ्ना इतिहासविद् र सर्भेयरहरू राखेर 'टेबल टक'मार्फत् यसलाई समाधान गर्ने कुरा भएको छ ।

ब्रिटिस इन्डियाले छाड्दाखेरिको समस्या अहिलेसम्म रहेकाले यसमा इंग्ल्याण्ड सरकारसँग पनि हामीले कुरा गरेका छौं । यो कूटनीतिक तवरबाटै समाधान हुन्छ 'उनको कथन थियो ।

प्रधानमन्त्रीको यो भनाइ सार्वजनिक भएसँगै संसद्मै विरोध प्रदर्शन शुरु भएको थियो । प्रतिपक्षी दलका सांसदहरुले रोष्टममा उभेर प्रधानमन्त्रीको अभिव्यक्तिप्रति आपति जनाउँदै माफी माग्नुपर्ने माग गरे ।उनीहरुले प्रधानमन्त्रीको अभिव्यक्तिलाई संसदको रेकर्डबाट हटाउन माग गरे ।



प्रधानमन्त्रीको अभिव्यक्तिमा प्रतिनिधि सभा सदस्य वासना थापाले आपत्ति प्रकट गरिन् । उनले प्रधानमन्त्रीले कुनै तथ्य र प्रमाण बिना यस्तो गम्भीर कुरा बोलेको भन्दै यो अभिव्यक्तिले राष्ट्रिय अखण्डतामा आँच पुऱ्याउने र छिमेकीसँगको सम्बन्ध बिगार्ने काम भएको आरोप लगाइन् ।

कांग्रेससगै एमाले र श्रम तथा संस्कृतिक लगायतका प्रतिपक्षी दलहरुले विरोध जनाएको छ । उनीहरुले पनि प्रधानमन्त्रीको अभिव्यक्ति संसद्को रेकर्डबाट हटाउन माग गरेका छन् । नेपाली कम्युनिस्ट पार्टीका (नेकपा)का सांसद रमेश मल्लले मुलुकको राष्ट्रिय अखण्डताका विषयमा आँच आउने खालको अभिव्यक्ति प्रधानमन्त्रीले दिनु गलत भएकोले यस्तो गम्भीर अभिव्यक्तिलाई तत्काल संसदको रेकर्डबाट हटाउनु पर्ने माग गरिन् ।

श्रम तथा संस्कृति पार्टीका अध्यक्ष समेत रहेका हर्क सम्पाङ्गले प्रधानमन्त्रीको अभिव्यक्तिलाई हुतिहाराको संज्ञा दिदैं दुई देशबीच सम्बन्ध बिगार्ने प्रधानमन्त्रीलाई कुर्सीमा बस्ने अधिकार नरहेको बताए ।उनले पनि संसदको रेकर्डबाट उनको अभिव्यक्ति हटाउन माग गरे ।

प्रधानमन्त्री बालेनले दिएको अभिव्यक्तिलाई नेपाल-भारत सीमा तथा सुरक्षा मामिलाका जानकार हरुले गैरकूटनीतिक रहेको भन्दै आपति जनाएका छन् ।

नेपाल-भारत सीमा तथा सुरक्षा मामिलाका जानकार डा. निहार नायक (भारत)ले भने 'नेपालले भारतलाई १९४७ को नजरले हेर्नुहुँदैन ।' २०२६ को नजरले हेर्नुपर्छ, नेपाल-भारतको सीमा विवादमा बेलायतलाई समावेश गरायो भने यो कहिल्यै पनि समाधान हुँदैन ' उनले भने, प्रधानमन्त्रीको यो अभिव्यक्ति गैरकुटनीतिक हो, यसलाई सच्याउनुर्छ । '

यसैबीच परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री वालेन्द्र शाहले आइतबार प्रतिनिधिसभाको बैठकमा नेपाल भारत सीमाका सम्बन्धमा उल्लेख गर्नुभएको विषय दशगजा क्षेत्र अतिक्रमण र 'क्रस बोर्डर अकुपेसन' अर्थात् सीमा वारपारको जग्गा भोगाधिकारसँग सम्बन्धित रहेको स्पष्ट गरेको छ ।

प्रधानमन्त्री शाहले नेपाल भारत सीमा र लिपुलेकका सम्बन्धमा सांसदहरुले सोधेका प्रश्नहरुको जवाफ दिने क्रममा राख्नुभएको अभिव्यक्ति यसैसँग सम्बन्धित भएको कुरा परराष्ट्रले आइतबार साँझ विज्ञप्तिमार्फत स्पष्ट गरेको हो ।

परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "सम्माननीय प्रधानमन्त्रीज्यूले संसदमा उल्लेख गर्नुभएको विषय मूलतः दशगजा क्षेत्र अतिक्रमण र 'क्रस बोर्डर अकुपेसन' अर्थात् सीमा वारपारको जग्गा भोगाधिकारसँग सम्बन्धित छ । नेपाल भारत सीमा निर्धारण गर्दा नदी सिमाना क्षेत्रमा 'फिक्स बाउन्ड्री प्रिन्सिपल' अवलम्बन गरेको कारणले 'क्रस बोर्डर अकुपेसन' भई एक देशका नागरिकले अर्को देशको भूभागभित्र पर्ने जग्गामा खेतीपाती गर्ने तथा बसोबास गर्ने अवस्था छ ।"

नेपाल र भारतबीच रहेको लामो सिमानालाई व्यवस्थित र वैज्ञानिक ढङ्गले नक्साङ्कन भएका क्षेत्रमा सीमा स्तम्भ निर्माण, मर्मत, दशगजा क्षेत्रको अतिक्रमण तथा 'क्रस बोर्डर अकुपेसन'को लगत सङ्कलन गर्न दुई देशका सीमासम्बन्धी संयन्त्र र प्राविधिक टोलीहरू क्रियाशील रहेका सो विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, "नेपाल र भारतबीच सदियौं पुरानो, लामो र खुला सिमाना रहेको सर्वविदितै छ । नेपालको हालको अन्तर्राष्ट्रिय सीमा सन् १८१६ को सुगौली सन्धिद्वारा स्थापित र निर्देशित छ । नेपाल भारत सिमाना अन्तर्गत सुस्ता र लिम्पियाधुरा, लिपुलेक तथा कालापानी क्षेत्रमा नक्साङ्कन हुन बाँकी रहेको छ । ती स्थान बाहेक अन्य केही स्थानहरूमा 'क्रस बोर्डर अकुपेसन' तथा दशगजा अतिक्रमणको समस्याहरू विद्यमान छन् ।"

सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति रवी लामिछाने भारतको तीन दिने औपचारिक भ्रमणमा जान लागेको पूर्व सन्ध्यामा प्रधानमन्त्री शाहले प्रतिनिधि सभामा दिएको अभिव्यक्तिलाई राजनीतिक वृत्तमा विशेष महत्वकासाथ हेरिएको छ ।

प्रधानमन्त्री शाहले नेपाललेपनि भारतीय सीमा मिचेको अभिव्यक्तिले नेपालको राजनीतिलाई तरंगीत बनाएको छ ।तर उनले सीमासम्बन्धी विवादलाई सुल्झाउन भारतलाई कुटनीतिक नोट पठाएको र त्यसको जवाफ प्राप्त भएको बताउँदै ईंग्ल्याण्डसित समेत यस विषयमा कुरा भइरहेको भने अभिव्यक्तिले भारतीय कुटनीतिक क्षेत्रलाई समेत तरंगीत बनाएको छ ।

रास्वपाका सभापति भारतीय सत्तारुढ दल भारतीय जनता पार्टी(भाजपा)का राष्ट्रिय अध्यक्ष नितिन नविनको निमन्त्रणामा तीन दिने औपचारिक भ्रमणमा सोमवारदेखि जान लागेका छन् ।सभापति लामिछानेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, गृह मन्त्री अमित शाह, विदेश मन्त्री एस जयशंकर लगायतका उच्च अधिकारीहरुसित भेंटवार्ता गर्ने कार्यक्रम निर्धारण भएको जनाइएको छ ।पूर्व सन्ध्याको प्रधानमन्त्रीको अभिव्यक्तिलाई राजनीतिज्ञहरुले अर्थपूर्ण भएको बताएका छन् ।

बालेन प्रधानमन्त्री बनेदेखि नै भारतले उनको भ्रमणका लागि निम्तो दिएको थियो ।प्रधानमन्त्री शाहलाई भारत भ्रमणको निम्तो दिएपनि भारत सम्बन्धी उनको अभिव्यक्तिले नै ओझेलमा परेको बताइन्छ ।

# गेरुकामा कमजोर व्यवस्थापनले श्रद्धालुहरुलाई सास्ती

**टुडे समाचारदाता**

जनकपुरधाम । मलेमास(पुरुषोत्तम मास)मा महोत्तरी जिल्लाको लोहारपट्टी नगरपालिकामा लाग्ने मेलाको कमजोर व्यवस्थापनले श्रद्धालुहरुलाई सास्ती भएको छ ।

मलेमासको एकमहिना अवधीको हरेक आइतवार र मंगलवार गेरुका नदीमा पवित्र स्नान गर्नेहरु भारी भीड लाग्ने गरेको छ ।मलेमासमा गेरुका नदीमा स्नानगर्दा मोक्ष प्राप्ति हुने मान्यता छ ।

मलेमास महिनामा कतिपय शुभ कार्यहरु गर्न मिल्दैन् ।तर भगवानको भजन, किर्तन, तिर्थस्थलहरुको दर्शन, पवित्र सरोवरहरुमा स्नानगर्दा अत्यधिक पुण्य प्राप्ति हुने मान्यता छ ।

३६ महिनामा तिथिको हेरफेरको कारण तिथि अनुसार एक महिना बढेर ३७ महिना हुने भएकाले त्यसको समायोजनका लागि पुरुषोत्तम मास मानिन्छ ।भारतको प्रसिद्ध तिर्थस्थल राजगीरमा मलेमासमा स्नान गरे प्राप्ति हुने फल सरह नै गेरुका नदीमा स्नान गरेको फल प्राप्ति हुने जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताएका छन् ।

'मलेमासमा गेरुका नदीमा स्नानगर्न साधुसन्तहरु अनिवार्य रुपमा जाने गर्छन्' उनले भने, मिथिला महात्म र विष्णुपुराणमा समेत गेरुका नदीको महत्वको विषयमा उल्लेख रहेको छ ।सनातन धर्मको पचांगलाई सही मार्गमा राख्न पुरुषोत्तम मासको व्यवस्था गरिएको उनले बताए ।मलेमास, पुरुषोत्तम मास र अधिक मासपनि भनिने गरिन्छ ।

सनातन धर्म अनुसार हरेक तीन वर्षमा मलेमास(अधिक मास) हुने गर्छ ।मलेमासमा मात्र लाग्ने गेरुका मेलामा पछिल्लो आयोजनको तुलनामा यस पटक व्यवस्थापन अत्यन्त कमजोर देखिएको छ ।सवारी साधन तीन किलोमिटर पर नै पार्किंग गरेर श्रद्धालुहरु स्नानका लागि पैदल जानुपर्ने बाध्यता छ ।नदीमा स्नानगरि बाहिरिने व्यवस्था झन खराब छ ।चिप्लो माटो र साँगुरो बाटोको कारण श्रद्धालुहरु चिप्लिएर घाइते हुने गर्छन् ।

मेलाको प्रारम्भमा पहिलो आइतवार साधुसन्त लगायतका विशिष्ट व्यक्तिहरुको सहभागितामा शाही स्नान गरिएको थियो ।त्यसपछि बढी प्रचार पाएको मेलामा अनपेक्षित रुपमा श्रद्धालुहरुको भीड बढेको छ ।बढदो भीडलाई समुचित व्यवस्थापन गर्न नसक्दा अगामी दिनमा श्रद्धालुहरुको संख्यामा



कमि आउन सक्ने अनुमान गर्न थालिएको छ ।नदीमा स्नान र मन्दिरमा पुजा गर्ने सम्मको व्यवस्थापन निकै कमजोर छ ।

बिहानै गएका श्रद्धालुहरुलाई स्नानपुजागरि मेलाबाट बाहिरिन कयौं घण्टा लाग्ने गरेको यात्रुहरुले बताएका छन् ।अस्तव्यस्त ट्राफिक र अव्यवस्थित श्रद्धालुहरुको भीडको कारण सास्ती भएको अधिवक्ता पंकज कर्णले बताएका छन् ।गेरुका स्नानपछि उनले आफ्नो फेसबुकमा भीड र ट्राफिक अव्यवस्थाको कारण श्रद्धालुहरुलाई सास्ती भएको उल्लेख गरेका छन् ।

बच्चा, बृद्धहरुलाई मेलामा बढी कष्ट भोग्नु परेको महोत्तरी भ्रमरपुराकी सञ्जना ओझाले बताइन् ।'नदी र मन्दिर क्षेत्रको अव्यवस्थाले श्रद्धालुहरुलाई कठिनाईको सामना गर्नु परिरहेको छ ' उनले भनिन्,अस्तव्यस्त सडक र पार्किंगको समुचित व्यवस्था नहुँदा थप समस्या भएको छ ।

यस वर्ष भारतको बिहार राज्यबाट समेत भारी संख्यामा श्रद्धालुहरु गेरुकामा पवित्र स्नानका लागि आएको लोहारपट्टी नगरपालिकाका मेयर शैलेन्द्र यादवले बताए ।'अपेक्षा गरिएको भन्दा भीड अत्यधिक बढेकोले व्यवस्थापनमा केहि कठिनाई देखिएको छ ' उनले भने, अगामी वर्षदेखि अझ सुदृढ व्यवस्थापनगरि मेलालाई व्यवस्थित गरिनेछ ।

महोत्तरी जिल्लाकै सम्सी गाउँपालिकाको खैरबन्नी नजिक गेरुकी नदीमा पनि मलेमास स्नान गरिन्छ ।भारी संख्यामा श्रद्धालुहरुको भीड लाग्ने गेरुकी मेलामा बिहुलासत्ती मन्दिरमा भगवतीको पुजा गरिन्छ ।गाउँ भन्दा बाहिर खेतैखेत भएको भूभागमा लाग्ने गेरुकी मेला भर्न जाने श्रद्धालुहरुलेपनि सास्ती भोग्नु परिरहेको छ ।सवारी साधनको पार्किंगको समुचित व्यवस्था नहुँदा श्रद्धालुहरुले तीन किलोमिटर बढी दुरी पैदल हिड्नु परेको बताइन्छ ।

मेला आयोजक समितिले श्रद्धालुहरुको सेवा, सुबिधा भन्दा बजारमा असुली गर्न केन्द्रित रहेको आरोप मेला भर्न गएकाहरुले लगाएका छन् ।साँगुरो नदी(गेरुकी)मा स्नानगरि मठमन्दिरहरुमा पुजा गर्न घण्टौ समय लाग्ने गरेको श्रद्धालुहरुले दुखेसो पोखेका छन् ।गेरुकी नदीमा पनि आइतवार र मंगलवार नै स्नान गर्ने मान्यता छ ।

हरेक मलेमासमा एक महिना सम्म मेलाको आयोजना गरिन्छ ।गेरुका र गेरुकी उस्तै नाम भएपनि दुबै स्थलबीच झण्डै १० किलोमिटरको दुरी छ ।

मेला भरेर फर्किने यात्रुहरु घण्टौ जाममा परेर सास्ती भोग्नु परेको थियो ।सवारी साधनको व्यवस्थापनका लागि ट्राफिक प्रहरी र स्थानीय स्वयंसेवकहरुको अभाव थियो ।

दुबै नदीमा नेपाली श्रद्धालुहरुको भन्दा भारतीय श्रद्धालुहरुको अत्यधिक भीड थियो ।भारतीय सीमासित नजिकै रहेको र शाही स्नानले व्यापक प्रचार पाएको कारण श्रद्धालुहरुको भीड उम्रेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताए ।

मलेमासको महिनामा हाल मात्र लाग्दै आएको गेरुका र गेरुकी नदीलाई पर्यटकीय स्थल बनाउन स्थानी र प्रदेश सरकारले ध्यान दिन आवश्यक छ ।भारतको राजगीर जस्तो हरेक महिना गेरुका र गेरुकी नदीमा पवित्र स्नान गरे पुण्य प्राप्ति हुने सन्देश छिमेकी बिहार र नेपालको बिभिन्न भागहरुमा पुऱ्याउन आवश्यक छ ।



## संयोजक दाहालको स्वास्थ्य अवस्था स्थिरः अस्पताल

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल ' प्रचण्ड' को स्वास्थ्य अवस्था स्थिर रहेको छ। मेडिसिटी अस्पतालले आइतबार बेलुका अध्यक्ष दाहालको स्वास्थ्य अवस्थाबारे जानकारी दिन जारी गरेको 'स्वास्थ्य बुलेटिन' अनुसार हाल उहाँको स्वास्थ्य अवस्था स्थिर रहेको र उपचारप्रति सकारात्मक प्रतिक्रिया देखाइरहनुभएको जनाएको छ।

श्वासप्रश्वाससम्बन्धी समस्याका लक्षण देखिएपछि अध्यक्ष दाहाल शनिबार बिहान ललितपुरस्थित मेडिसिटी अस्पतालमा भर्ना हुनुभएको थियो। अस्पतालले भनेको छ, "अस्पतालको चिकित्सक टोलीद्वारा गरिएको परीक्षणका क्रममा उहाँमा निमोनियाको सङ्क्रमण देखिएको छ। यस सम्बन्धमा आवश्यक स्वास्थ्य परीक्षणहरू सम्पन्न गरिएका छन्। उपचार प्रक्रिया सुरु गरिएको छ, पूर्णस्वास्थ्य लाभ सुनिश्चित गर्न तथा निरन्तर निगरानी र उपचारका लागि सावधानी स्वरूप उहाँलाई दुई-तीन दिन अस्पतालमै राखी उपचार गर्नुपर्नेछ।" रासस

## अत्यधिक गर्मीले १० छात्रा बेहोस



**टुडे समाचारदाता**

बर्दिबास।महोत्तरीकोगौशाला नगरपालिका-१२ कान्तिबजार स्थित राष्ट्रिय माध्यमिक विद्यालयमा अत्यधिक गर्मीका कारण आइतबार १० जना छात्रा बेहोस भएका छन्।

विद्यालय प्रशासनका अनुसार कक्षा ८, ९ र १० मा अध्ययनरत छात्राहरू अत्यधिक गर्मीले गर्दा अचेत भएको हो। बेहोस भएका छात्रामध्ये ७ जनालाई कान्तिबजार स्वास्थ्य चौकीमा उपचारका लागि पठाइएको छ।

तीमध्ये ६ जनाको उपचारपछि घर पठाइएको छ भने टाउको दुख्ने र सास फेर्न गाह्रो भई गम्भीर अवस्थामा रहेकी एक छात्रालाई थप उपचारका लागि नगर अस्पताल गौशाला रेफर गरिएको विद्यालयले जनाएको छ।

सामान्य अवस्थाका अन्य ७ छात्रालाई विद्यालयमै आराम गराएर अभिभावकको जिम्मा लगाइएको छ ।कान्तिबजार स्वास्थ्य चौकीकी सिनियर अहेव निलम कुशवाहाका अनुसार उपचारका लागि आएका छात्राहरूमा न्यून रक्तचाप, जलविनियोजन ९डिहाइड्रेसन०, टाउको दुख्ने तथा सास फेर्न गाह्रो हुनेजस्ता लक्षण देखिएका थिए।

घटनापछि विद्यालयले छैटौं पिरियडपछि पठनपाठन बन्द गरेको छ । विद्यालयका प्रधानाध्यापक रामस्नेही यादवले विद्यालय भवन निर्माणाधीन अवस्थामा रहेकाले जस्तापाताको छानो भएका कक्षाकोठामा पढाइ सञ्चालन भइरहेको बताएका छन्।

उनका अनुसार आइतबार करिब ३५ डिग्री सेल्सियस तापक्रम रहेको र बिहानैदेखि विद्युत् आपूर्ति अवरुद्ध हुँदा पत ा सञ्चालन हुन नसकेकाले कक्षाकोठामा अत्यधिक गर्मी महसुस भएको थियो।

कक्षा १२ सम्म अध्ययन हुने उक्त विद्यालयमा करिब ८०० विद्यार्थी अध्ययनरत छन्। संघीय सरकारले आइतबार सार्वजनिक बिदा दिए पनि गौशाला नगरपालिकाले स्थानीय ऐनलाई टेकेर सामुदायिक विद्यालयमा आइतबारे बिदाको व्यवस्था नगरेकाले नियमित पठनपाठन सञ्चालन गरिएको थियो।

स्थानीयवासी तथा अभिभावकले बढ्दो गर्मीलाई मध्यनजर गर्दै विद्यालय सञ्चालन समय व्यवस्थापन तथा विद्यार्थीको स्वास्थ्य सुरक्षाका लागि आवश्यक उपाय अपनाउन सम्बन्धित निकायसँग माग गरेका छन्।

## उखुको भुक्तानी उपलब्ध गराउन माग

**टुडे समाचारदाता**

मलंगवा । प्रतिनिधिसभामा सर्लाहीका दुई चिनी उद्योगले उखु किसानलाई भुक्तानी नदिएको विषय समेत उठेको छ । यहाँको अन्नपूर्ण चिनी उद्योग, धनकौल र महालक्ष्मी चिनी उद्योग, बगदहमा उखु बिक्री गरेको तीन महिना बितिसक्दा पनि किसानले भुक्तानी नपाएको गुनासो सांसदहरुले गरेका छन्।

यस विषयमा सर्लाही क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य नरेन्द्र साह कलवार र क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य डा. अमरेशकुमार सिंहले संसद्मा आवाज उठाएको हो।

प्रतिनिधिसभा सदस्य कलवारले उखु ' नगदे बाली' भनिए पनि अहिले 'उधारो बाली' बन्न पुगेको बताए। किसानले समयमा भुक्तानी तथा अनुदान नपाउनु अत्यन्त दुःखद् विषय भएको सांसद साहले भने।

उनले आर्थिक वर्ष २०८१/८२ को बाँकी अनुदान प्रतिक्विन्टल ३५ रुपियाँ र चालु आर्थिक वर्ष २०८२/८३ को अनुदान प्रतिक्विन्टल ७० रुपियाँ तत्काल भुक्तानी सहित उधारोमा उखु खरिद गर्ने तर भुक्तानी नदिने चिनी उद्योगलाई कानुनी दायरामा ल्याउनुपर्ने माग गरे।

त्यस्तै, अर्का प्रतिनिधिसभा सदस्य सिंहले चिनी मिलले भुक्तानी नदिँदा र सरकारले अनुदान समयमा नपठाउँदा उखु किसान मारमा परेको बताए। उनले किसानको पीडमार्का बुझेर तत्काल भुक्तानी गराउन माग गर्दै दोषी चिनी उद्योग संचालकहरुलाई कानूनी दायरमा ल्याउनुपर्ने भने।

सर्लाहीमा रहेका तीन चिनी उद्योगमध्ये



इन्दुशंकर चिनी उद्योग, हरिवनले किसानको सम्पूर्ण भुक्तानी दिएको भए पनि अन्नपूर्ण चिनी उद्योग र महालक्ष्मी चिनी उद्योगले भुक्तानीमा ढिलाइ गरेका हुन्। जेठ १ गते जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाको अध्यक्षतामा बसेको सरोकारवालाको बैठकमा दुवै उद्योगका प्रतिनिधिले जेठ मसान्तसम्म सम्पूर्ण भुक्तानी गर्ने प्रतिबद्धता जनाएका थिए।

उक्त बैठकमा सहभागी कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) सर्लाहीका प्रमुख कोष नियन्त्रक पदमप्रसाद पौडेलका अनुसार अन्नपूर्ण र महालक्ष्मी चिनी उद्योगले किसानलाई कति रकम भुक्तानी बाँकी छ भन्ने विवरण समेत उपलब्ध गराउन सकेका छैनन्।


अन्नपूर्ण चिनी उद्योगले यस वर्ष ९ लाख ९३ हजार ७५२.६७ क्विन्टल र महालक्ष्मी चिनी उद्योगले १६ लाख २ हजार ७.३९ क्विन्टल उखु क्रसिङ गरेको तथ्यांक छ । भुक्तानीका विषयमा चिनी मिलका जिम्मेवार व्यक्तिहरूलाई सम्पर्क गर्दा फोन 'स्विच अफ' रहेको पाइएको छ। उद्योगीहरूले चिनी बिक्री नहुँदा भुक्तानीमा समस्या भएको दाबी गर्दै आएका छन् ।सरकारले यस वर्ष उखुको मूल्य प्रतिक्विन्टल ६२० रुपियाँ र अनुदान ७० रुपियाँ तोकेको छ। बसबरिया गाउँपालिका-१, मानपुरका किसान अशोककुमार यादवले उखु बिक्री गरेको तीन महिना बितिसक्दा पनि भुक्तानी नपाउँदा दैनिक घर खर्च, बालबालिकाको पढाइ तथा खेतीपातीमा समस्या भएको गुनासो गरे।

## रास्वपा सभापतिसँग स्पष्टीकरण माग

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) धनुषाका सभापति लक्ष्मेश्वर यादवसँग को केन्द्रीय अनुशासन आयोगले स्पष्टीकरण माग गरेका छन् । गणेशमान चारनाथ नगरपालिकाको अधिवेशनको क्रममा ज्यान मार्नेसम्म दिएको धम्कीविरुद्ध पार्टीका केन्द्रिय अनुशासन समितिले उनीसँग २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेशन गर्न भनेका छन्।

केन्द्रीय अनुशासन आयोगका कार्यवाहक प्रमुख समकाल सिग्देलले चारनाथ नगरपालिका पार्टी अधिवेशनका क्रममा उच्छृंखल गतिविधि भएको, गुण्डा प्रयोग गरिएको, ज्यान मार्ने तथा लास गायब पार्ने धम्की दिएको, आर्थिक अपचलन गरेको, जिल्लाको अधिवेशन एकतर्फी गरेको तथा विभिन्न नगर अधिवेशनमा हस्तक्षेप गरेको लगायतका गम्भीर आरोप लगाउँदै २४ घण्टाभित्र स्पष्टीकरण




पत्राचार गरी भनेको छ।

पत्रअनुसार चारनाथ नगरपालिकाको पार्टी अधिवेशन कार्यक्रममा विवाद सिर्जना भएको र त्यस सम्बन्धमा विभिन्न उजुरी केन्द्रीय अनुशासन आयोगमा परेको जनाइएको छ। उजुरीमाथि अनुसन्धान प्रक्रिया अगाडि बढाउन आवश्यक भएकाले आरोपित विषयमा २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेश गर्न लक्ष्मेश यादवलाई निर्देशन दिइएको हो। जेष्ठ १६ गते जारी गरिएको उक्त पत्रको बोधार्थ पार्टीका महामन्त्री तथा संगठन विभाग प्रमुख कविन्द्र बुर्लाकोटी र मधेश प्रदेश कार्यसमितिलाई समेत दिइएको छ। रास्वपाले पछिल्लो समय संगठन विस्तार र अधिवेशन प्रक्रियालाई तीव्र बनाइरहेका बेला धनुषामा देखिएको यो विवादले पार्टीभित्रको आन्तरिक असन्तुष्टि सतहमा आएको चर्चा सुरु भएको छ।

## आवश्यकताको आधारमा बजेट ल्याइने

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रदेशको आवश्यकता, जनअपेक्षा र विकासका प्राथमिकतालाई ध्यानमा राखेर ल्याइने मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले बताएका छन्।

अर्थ मन्त्रालयद्वारा आइतबार जनकपुरधाममा आयोजित 'मधेस प्रदेशको आगामी आवको बजेट तर्जुमा'सम्बन्धी अन्तरक्रिया उनले प्रदेश सरकारले सीमित स्रोतसाधनका बाबजुद आर्थिक विकास, रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा पूर्वाधार विकासलाई केन्द्रमा राखेर बजेट निर्माणको तयारी भइरहेको बताए।

उनले प्रदेश सरकारको लक्ष्य समृद्ध, आत्मनिर्भर र विकासोन्मुख मधेस निर्माण गर्नु रहेको उल्लेख गर्दै बजेटलाई केवल खर्च गर्ने माध्यमका रूपमा नभई आर्थिक तथा सामाजिक रूपान्तरणको



आधारका रूपमा प्रयोग गरिने भने । प्रदेशको आर्थिक अवस्था, उपलब्ध राजस्व, संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा विकासका चुनौतीलाई मध्यनजर गर्दै यथार्थपरक बजेटको तयारी भइरहेको बताए।

मुख्यमन्त्री यादवले सरोकारवाला निकाय, निजी क्षेत्र, विकासविद्, नागरिक समाज, स्थानीय तह तथा जनप्रतिनिधिबाट प्राप्त सुझावलाई समेटेर आगामी आवको नीति तथा कार्यक्रम निर्माण गरिने बताए।

अर्थमन्त्री युवराज भट्टराईले आगामी आवको बजेटलाई उत्पादनमुखी, जनमुखी, उत्तरदायी र परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गरे। उनले बजेट निर्माणका क्रममा प्राप्त भएका सुझावलाई गम्भीरतापूर्वक अध्ययन गरी सम्भव भएसम्म समेटिने बताए। प्रदेशको आर्थिक अनुशासन कायम राख्दै विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा सरकार अघि बढिरहेको उनले उल्लेख गरे।

## चिकित्सक नहुँदा सेवा प्रभावित



**टुडे समाचारदाता**

रौतहट । दरबन्दी अनुसार चिकित्सक नहुँदा रौतहट सदरमुकाम गौरमा रहेको प्रादेशिक अस्पतालको सेवा प्रवाहमा असर परेको छ। प्रादेशिक अस्पताल गौरका निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डाक्टर मुरारी ठाकुरले अस्पतालमा दरबन्दी अनुसारका चिकित्सक नहुँदा बिरामीको उपचारमा समस्या भइरहेको बताएका छन्।

नवौं तहका पाँच जना र आठौं तहका दुई जना चिकित्सक काजमा खटिएपछि अस्पताल चलाउन धौ धौ भएको उहाँले बताउनुभयो। ५० शैयाको अस्पताल अहिले एक सय शैयामा सेवा विस्तार गरेपनि दरबन्दी अनुसारका चिकित्सक तथा अत्यावश्यक उपकरणको व्यवस्था नहुँदा ५० शैयामै सीमित हुन पुगेको उनको भनाइ छ।

अस्पतालमा चिकित्सकको अभावले उपचारमै समस्या हुन थालेको गुनासो बारम्बार सम्बन्धित मन्त्रालयमा जानकारी गराउँदासमेत कुनै सुनुवाइ नभएको उनको भनाइ छ।

अस्पतालमा सेवा विस्तार गरिएको भए पनि दरबन्दी अनुसारका कर्मचारी नहुँदा एउटै चिकित्सकले रातिसम्म काम गर्नुपर्ने बाध्यता रहेको निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डाक्टर ठाकुरले बताए।

सीमित जनशक्तिको कारण उपचारका लागि दैनिक आउने दुईदेखि तीन सय बिरामीलाई राम्रो सेवा दिन नसकिएको उनको गुनासो छ। चिकित्सकसँगै मेडिकल रेकर्डर सुपरभाइजर, फिजियोथेरापिस्ट, जनस्वास्थ्य अधिकृत र अनमी समेत काजमा खटिएको उनले बताए । यसरी काजमा खटिएका जनशक्ति मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालय धनुषामा हाल कार्यरत रहेको अभिलेख अस्पतालसँग रहेको उनले जानकारी दिएका छन्।

काजमा खटाइएका चिकित्सक र अस्पतालका कर्मचारीलाई काज फिर्ताका लागि बारम्बार प्रयास गर्दा सुनुवाइ नहुँदा मधेश प्रदेशमा गुणस्तरीय स्वास्थ्य सेवा सामान्य नागरिकको पहुँचसम्म पुऱ्याउन सरकारले नचाहेको अनुभूति गरेको निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डाक्टर ठाकुरले बताए।

प्रादेशिक अस्पताल गौरमा दरबन्दी भई अन्यत्र काजमा रहेकाको काज फिर्ताका लागि आफूले पहल गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष अवधेश यादवले जानकारी दिएका छन् । अस्पतालको समस्या धेरै पटक प्रदेश सरकारका सबै सरोकारवालासँग राखेको भए पनि कुनै सुनुवाइ नभएको उनको गुनासो छ।

## हनीट्र्यापकी आरोपी तुल्सी पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डू । हनीट्र्याप सहित तीन कसुरकी अभियुक्त तुल्सी अधिकारीलाई नेपाल प्रहरीले इन्टरपोटलको सहयोगमा थाइल्यान्डबाट पक्राउ गरी ल्याइएको छ।

नवलपरासी पश्चिम घर भई हाल ललितपुरको भैंसेपाटी बस्ने अधिकारीविरुद्ध जिल्ला अदालत ललितपुरमा ठगी, आपराधिक लाभ (हनिट्र्याप) र सम्पत्ति शुद्धीकरणको कसुरमा गत चैतमा मुद्दा दर्ता भएको छ । उनले एक व्यवसायीलाई हनिट्र्यापमा पारेर ४ करोड ५० लाख रुपैयाँ ठगी गरेको आरोप जाहेरी दर्ता दाबी गरिएको छ।

पछि अनुसन्धानको क्रममा ती व्यापारीले ६ करोड ५२ लाख २९ हजार ७५ रुपैयाँ आफूले विभिन्न व्यक्तिमार्फत तुल्सीलाई दिइसकेको बताएका छन्। हनिट्र्यापमा उनलाई सो बराबरको बिगो कायम गरिएको छ। सम्पत्ति शुद्धीकरणमा भने २१ करोड बढी बिगो कायम गरिएको छ।

आफूविरुद्ध मुद्दा दर्ता हुने भएपछि उनी चीन हुँदै थाइल्यान्ड पुगेको प्रहरीको दाबी छ । उनीविरुद्ध नेपाल प्रहरीले इन्टरपोलबाट २०८२ चैत ३ गते रेड नोटिस जारी गराएको थियो । इन्टरपोलकै सहयोगमा थाइल्यान्डमा पक्राउ परेकी




अधिकारीलाई शनिबार राति पौने १२ बजे थाइ एयरलाइन्स मार्फत नेपाल ल्याइएको छ।

हाल जिल्ला प्रहरी परिसर ललितपुरको हिरासतमा रहेकी उनलाई सोमबार अदालतमा बुझाउने प्रहरीको तयारी छ। प्रहरीले अदालतमा बुझाएसँगै उनको त्यहाँ बकपत्र हुनेछ। त्यसपछि थुनामा राख्ने कि, धरौटी वा साधारण तारेखमा बाहिरै राखेर मुद्दाको पुर्पक्ष गर्ने भन्ने आदेश हुने छ।

तुल्सीविरुद्ध प्रहरी वृत्त सातदोबाटोमा जाहेरी परेको थियो। जाहेरी दिने व्यक्ति हुन् ललितपुरकै एक अटोमोबाइल्स प्रालिका सञ्चालक र तुल्सीबीच चिनजान २०७४ फागुन महिनातिर भएको थियो। तुल्सी पनि बुटवलमा अटोमोबाइल्सकै कर्मचारीका रुपमा काम गर्थिन्।

आफू काम गर्ने कम्पनीमा २ दिनपछि 'सेकेन्ड ह्यान्ड' गाडीहरु एक्स्चेन्जमा आउने बताउँदै तुल्सीले आफूलाई फोन गरेर बुटवल बोलाएको दाबी व्यापारीको छ। तर गाडी हेर्न बुटवल नजाने भएपछि उनले ह्वाट्सएप नम्बर मागेर ती व्यापारीलाई फोटो पठाइदिइन्।

त्यसपछि ती व्यापारी र तुल्सीको कुराकानी हुन थाल्यो । व्यापारीले आफ्नो पारिवारिक विवरण सबै खोले । अनि, तुल्सीले ती व्यापारीलाई बुटवल बोलाइन्।

'बुटवलमा आउनु, भेट गरी कुरा गरौंला भनी पटकपटक अनुरोध गरेकोले एकिन मिति र समय याद भएन २०७५ सालको जेष्ठ महिनातिर हुनुपर्छ बुटवलस्थित रहेको जगदम्बा स्टिलको फर्चुनर गाडी डिल भएको हुँदा उक्त गाडी डिल गरी खरिद गर्न म ललितपुरदेखि बुटवल गएँ,' चिमोरिया थरका व्यापारीले जाहेरीमा उल्लेख गरेका छन्।

### ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** समय शुभ रहनेछ, आम्दानीका नयाँ स्रोत थपिँदै जानेछन्।
**वृष :** समय मध्यम खालको छ। आज ठुलौ लगानी गर्नु जोखिमपूर्ण छ।
**मिथुन :** समय शुभ तथा स्वास्थ्य भरपर्दो रहने छैन।
**कर्कट :** सरकारी कार्यालयबाट काम बन्ने छैन।
**सिंह :** मानसिकप्रशन्नता, मानप्रतिष्ठा मिल्नेछ।
**कन्या :** काममा जाँगर बढ्नेछ, नयाँ जागीर खाने ईच्छा भएमा प्रयास गर्नुहोस्।
**तुला :** साना-साना कुरामा पनि शंका र चिन्ता गर्ने देखिन्छ।
**वृश्चिक :** खाने पिउने मामलामा ज्यादै ख्याल गर्नु होला।
**धनु :** परिश्रम अनुसारको हात पर्ने समय रहेको छ।
**मकर :** विना कामका चिन्ताले सताउने छन्। आज टाढाको भ्रमणमा निस्कनु ठीक छैन।
**कुम्भ:** लगानी आज गर्नुभयो भने राम्रो हुनेछ। व्यापार व्यवसायबाट राम्रो लाभ हुनेछ।
**मीन:** लामो समयदेखिको पेशाबाट तनाव उत्पन्न हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

### महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# इनार खन्ने क्रममा एकको मृत्यु

जलेश्वर । महोत्तरी जिल्लाको गौशाला नगरपालिका-१२ पडरिया गाउँमा आइतबार इनार खन्ने क्रममा एक मजदुरको मृत्यु भएको छ।

मृत्यु हुनेमा सर्लाही, ईश्वरपुर नगरपालिका-१३ बस्ने २२ वर्षीय मजदुर वसन्तकुमार महतो रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले बताउनुभयो।

जमिनको सतहदेखि करिब ३६ फिट तल काठको ठूटो काट्नका लागि ईनारभित्र पस्दा उनको निस्सासिएर मृत्यु भएको प्रहरी नायब उपरीक्षक गोलेले बताउनुभयो।

इनारभित्र निस्सासिएर बेहोस भएका महतोलाई स्थानीयले तत्काल उद्धार गरी उपचारका लागि ईश्वरपुर नगर अस्पताल, बयलबासमा पुर्‍याएकामा चिकित्सकले मृत घोषणा गरेका थिए। घटना सम्बन्धमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।रासस

# ‘बजेट कार्यान्वयन भए मुलुकको अर्थतन्त्रले गति लिनेछ’

काठमाण्डु । नेपाल चेम्बर अफ कमर्शले आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयन भए मुलुकको अर्थतन्त्रले गति लिने विश्वास व्यक्त गरेको छ । चेम्बर अफ कमर्शले आइतबार विज्ञप्ति जारी गर्दै बजेट केही महत्वाकाङ्क्षी देखिए पनि यसको प्रभावकारी कार्यान्वयन हुन सके अर्थतन्त्रले गति लिने जनाएको हो।

चेम्बरले आयकरमा छुट र उद्योगलाई प्रोत्साहन दिने नीति बजेटको सकारात्मक पक्ष भएको बताएको छ। व्यक्तिगत आयकर छुटको सीमा रु १० लाख पुर्‍याइनु र अधिकतम दर ३९ प्रतिशतबाट घटाएर २९ प्रतिशतमा झारिनुलाई ठूलो उपलब्धिका रूपमा लिएको छ।

दुई सय ७३ प्रकारका औद्योगिक कच्चापदार्थमा तयारी वस्तुभन्दा कम भन्सारदर कायम गर्ने र ३६० वस्तुको अन्तःशुल्क खारेज गर्ने निर्णयले




उत्पादनमूलक उद्योगलाई राहत पुग्ने चेम्बरले उल्लेख गरेको छ। बजेटमा सूचना प्रविधि क्षेत्रलाई प्राथमिकता दिँदै सेवा निर्यातमा ५० प्रतिशत कर छुट र नेपाललाई एआई युगमा प्रवेश गराउन एआई कम्प्युटिङ केन्द्र स्थापना गर्ने योजनालाई पनि सकारात्मक रूपमा लिइएको छ।

निजी क्षेत्रलाई अन्तरराष्ट्रिय बजारमा विद्युत् व्यापार गर्ने अनुमति दिने र खराब कर्जा व्यवस्थापनका लागि राष्ट्रिय सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने घोषणाको चेम्बरले प्रशंसा गरेको छ । सूचीकृत कम्पनीको धितोपत्र बिक्रीमा लाग्ने पुँजीगत लाभकरलाई अन्तिम करको रूपमा मान्यता दिनु र गैरआवासीय नेपालीलाई दोस्रो बजारमा प्रवेश गराउने घोषणाले सेयर बजारमा सकारात्मक प्रभाव पर्ने चेम्बरको ठहर छ।

बजेटमा केही सकारात्मक पक्ष हुँदाहुँदै पनि केही प्रावधानले निजी क्षेत्र र आमउपभोक्तालाई समस्यामा पार्ने चेम्बरले विज्ञप्तिमा उल्लेख गरेको छ । विशेषगरी निजी क्षेत्रबाट सञ्चालित शिक्षण तथा स्वास्थ्य संस्थाले प्रवाह गर्ने सेवामा तीन प्रतिशत कर लगाउने नीति प्रभावकारी कदम नभएको चेम्बरको भनाइ छ।

मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्ताले बिलमा पाँच प्रतिशत मूल्य अभिवृद्धि कर तिर्नुपर्ने व्यवस्था र विद्युतीय सवार साधनमा थपिएको करले हरित ऊर्जाको अभियानलाई निरुत्साहित गर्ने चेम्बरको ठहर छ। सुन तथा चाँदीको भन्सार महसुल १० प्रतिशतबाट बढाएर २० प्रतिशत पुर्‍याइनु र पुँजीगत लाभकरको दर वृद्धि गरिनुले लगानीकर्ताको मनोबल कमजोर हुने चेम्बरले बताएको छ।

चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवालले बजेटले लगानी प्रवर्द्धन, कर प्रणालीको सरलीकरण र औद्योगिक विकासमा योगदान पुर्‍याउने अपेक्षा व्यक्त गर्नुभयो । “यदि यी व्यवस्था दृढताका साथ कार्यान्वयन भएमा निजी क्षेत्रको मनोबल बढ्ने र समग्र आर्थिक गतिविधि विस्तार हुनेछ”, उहाँले भन्नुभयो। रासस

# मधेसको खानेपानी समस्या समाधान गर्न माग

काठमाण्डु । राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरूले पछिल्लो समय मधेस प्रदेशमा सुक्खा बढेसँगै खानेपानीको समस्या गहिरिँदै गएको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ।

बैठकमा सांसद उर्मिला अर्यालले पछिल्लो समय मधेसमा खानेपानी समस्या बल्झँदै गइरहेको भन्दै उक्त समस्या समयमै सम्बोधन हुनुपर्नेमा जोड दिनुभयो।

यसैगरी, सांसद गोमादेवी तिमल्सेनाले शुक्रबार अर्थमन्त्री डा स्वर्णिम वाग्लेद्वारा प्रस्तुत आगामी आर्थिक वर्षको बजेटमा उद्योग सञ्चालनका लागि आवश्यक बजेट विनियोजन हुन नसकेको बताउनुभयो।

सांसद दुर्गा गुरुङले कर्णाली प्रदेशमा विद्युत समस्या भइरहेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद नरबहादुर विष्टले सांसदहरूले राखेका मागको सरकारले जवाफ



दिनुपर्ने बताउनुभयो।

सांसद भुवनबहादुर सुनुवारले जातीय छुवाछूतको अपराध हट्न नसकेको स्मरण गराउँदै माइतीघरमा आन्दोलनरत दीपा नेपालीलगायत युवाहरूको माग पूरा गर्नुपर्नेमा जोड दिनुभयो। “दलितलाई उपत्यकामा कोठा भाडामा पाउन समस्या भएपछि दीपालगायत युवाहरू माइतीघरमा ‘कोठा खाली छ ?’ भनेर आन्दोलनमा हुनुहुन्छ । छुवाछूत अन्त्यका लागि न्याय माग गरिरहनुभएको छ, माग सम्बोधन होस्”, उहाँले भन्नुभयो।

सांसद युवराज शर्माले नागरिकले महँगीको चोट बेहोर्नुपरेको भन्दै महँगी नियन्त्रणका लागि सरकारले पहल गर्नुपर्नेमा जोड दिनुभयो।

बैठकमा सांसदहरू नारायणदत्त मिश्र र उदयबहादुर बोहोराले विभिन्न विषयमा धारणा राख्नुभएको थियो। रासस

# पर्वतारोहण सुरक्षामा अमेरिकी प्रविधि उपयोगी हुनसक्छः अमेरिकी उपविदेशमन्त्री रोजर्स

काठमाण्डु। अमेरिकी उपविदेशमन्त्री सारा बी रोजर्सले नेपालको पर्वतारोहणमा अमेरिकी प्रविधिले महत्वपूर्ण भूमिका खेल्न सक्ने धारणा राख्नुभएको छ।

नेपालस्थित अमेरिकी दूतावासले आइतबार यहाँ आयोजना गरेको ‘द एसेन्ट समिट’मा उपविदेशमन्त्री रोजर्सले अमेरिका र नेपालबीचको नवप्रवर्तन, पर्यटन तथा प्रविधिगत सहकार्यलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले अमेरिका केवल समृद्धि र अवसरको देश मात्र नभई साहस, अन्वेषण र नवप्रवर्तनको भावनाबाट निर्माण भएको राष्ट्र भएको उल्लेख गर्दै हिमाल र विशेषगरी सगरमाथाले विश्वभरका साहसिक पर्यटक तथा पर्वतारोहीलाई प्रेरित गर्दै आएको बताउनुभयो।

उहाँले सन् १९६३ मा अमेरिकी पर्वतारोही जिम ह्विटेकरले नेपाली शेर्पा नावाङ गोम्बुसँगै सगरमाथा आरोहण गरेको ऐतिहासिक क्षण स्मरण गर्दै त्यसले नेपाल-अमेरिका सम्बन्धलाई थप गहिरो बनाएको उल्लेख गर्नुभयो। उहाँका अनुसार छ दशकभन्दा बढी समयपछि पनि दुवै देशबीचको सम्बन्ध पर्यटन, शिक्षा, व्यवसाय, प्रविधि र जनस्तरको आदानप्रदानमार्फत निरन्तर बलियो बन्दै गएको छ।

उपविदेशमन्त्री रोजर्सले अमेरिकी कम्पनीहरूले विकास गरेका सुरक्षा प्रणाली, सञ्चार उपकरण, ड्रोन प्रविधि तथा अभियान व्यवस्थापनसम्बन्धी आधुनिक प्रविधि हिमाली पर्यटन क्षेत्रका लागि उपयोगी रहेको उल्लेख गर्नुभयो। यस्ता प्रविधिले खोज तथा उद्धार, मौसम पूर्वतयारी, लजिस्टिक व्यवस्थापन र पर्वतारोहण सुरक्षामा महत्वपूर्ण योगदान पुर्‍याउने उहाँको भनाइ थियो।

उहाँले सन् २०२५ मा नेपालले ११ लाख ५० हजारभन्दा बढी अन्तरराष्ट्रिय पर्यटक भित्र्याएको र त्यसमध्ये अमेरिकाबाट मात्रै करिब एक




लाख १२ हजार पर्यटक नेपाल आएको तथ्य प्रस्तुत गर्दै अमेरिकी पर्यटकहरूले नेपालको पर्यटन उद्योग, होटल व्यवसाय, पदप्रदर्शक सेवा तथा स्थानीय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याएको बताउनुभयो।

रोजर्सले नेपाललाई अमेरिकाको विश्वासिलो साझेदारका रूपमा वर्णन गर्दै नवप्रवर्तन, उद्यमशीलता, शिक्षा तथा सुरक्षित प्रविधि समाधानका क्षेत्रमा सहकार्य विस्तार गर्न अमेरिका प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो। उहाँले हिमालले संसारलाई साहस, धैर्य र सहकार्यको पाठ सिकाउने उल्लेख गर्दै यही मूल्यले नेपाल-अमेरिका सम्बन्धलाई पनि मार्गदर्शन गरिरहेको बताउनुभयो।

“हिमालमा सफलता केवल शिखरमा पुग्नु मात्र होइन, त्यो कोसँग यात्रा गरिन्छ भन्ने कुराले पनि निर्धारण गर्छ,” उहाँले भन्नुभयो, “संयुक्त राज्य अमेरिका नेपालसँगको ७९ वर्ष पुरानो मित्रतालाई गर्वका साथ अगाडि बढाउँदै भविष्यमा अझ धेरै सफलताको शिखरहरू सँगै चढ्न चाहन्छ।”

त्यस अवसरमा प्रतिनिधिसभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिका सभापति सुम्निमा उदासले सगरमाथा नेपालको अन्तरराष्ट्रिय पहिचान, राष्ट्रिय गौरव र आर्थिक समृद्धिको सबैभन्दा महत्वपूर्ण आधारमध्ये एक भएको बताउनुभयो।

उहाँले सगरमाथाले विश्वसामु नेपालको परिचय स्थापित गर्न अतुलनीय भूमिका खेलेको उल्लेख गर्नुभयो।

सभापति उदासले पर्वतीय पर्यटन नेपालको अर्थतन्त्रको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै यसले वायुसेवा कम्पनी, होटल, रेष्टुरेन्ट, ट्राभल कम्पनी, गाइड, भरिया, स्थानीय व्यवसाय तथा हिमाली समुदायहरूको जीविकोपार्जनमा ठूलो योगदान पुर्‍याइरहेको बताउनुभयो। प्रत्येक वर्ष हजारौं विदेशी पर्यटक, पर्वतारोही, अनुसन्धानकर्ता, चलचित्र निर्माता तथा साहसिक यात्रुहरू हिमालको आकर्षणले नेपाल आउने गरेको उहाँको भनाइ थियो।

उहाँले पश्चिम एसियामा देखिएको सङ्कटका कारण नेपालको समग्र पर्यटन क्षेत्रमा असर परे पनि पर्वतारोहण गतिविधि तुलनात्मक रूपमा स्थिर रहनुले नेपालको हिमाली पर्यटनप्रतिको विश्वव्यापी आकर्षण अझै बलियो रहेको प्रमाणित गरेको धारणा राख्नुभयो।

सभापति उदासले जलवायु परिवर्तनले हिमाली क्षेत्रमा गम्भीर असर पुर्याइरहेको भन्दै हिमनदीहरू तीव्र गतिमा पग्लिरहेको, पुराना आरोहण मार्गहरू परिवर्तन भइरहेको तथा वातावरणीय चुनौतीहरू बढ्दै गएको उल्लेख गर्नुभयो। “हाम्रा हिमालहरूले नेपाललाई विश्वभर परिचित गराएका छन्। अब तिनको संरक्षण गर्नु हाम्रो साझा दायित्व हो,” उहाँले भन्नुभयो।

उहाँले फोहोर व्यवस्थापन, भीड नियन्त्रण, वातावरणीय दिगोपना तथा पर्वतीय सुरक्षाका विषयलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। जलवायु अनुसन्धान, खोज तथा उद्धार, वातावरण संरक्षण, पर्यटन मापदण्ड र पर्वतीय सुरक्षाका क्षेत्रमा सरकार, निजी क्षेत्र, स्थानीय समुदाय तथा अन्तर्राष्ट्रिय साझेदारबीच सहकार्य अपरिहार्य रहेको उहाँको भनाइ थियो।

पर्यटन क्षेत्रमा पारदर्शिता र जवाफदेहिताको महत्व उल्लेख गर्दै उहाँले नक्कली उद्धार उडान तथा सुरक्षा मापदण्डसम्बन्धी विगतका केही घटनाले नेपालको अन्तर्राष्ट्रिय छविमा असर पारेको बताउनुभयो। यस्ता चुनौती समाधान गर्न सरकार र पर्यटन क्षेत्रका सरोकारवालाहरू मिलेर काम गरिरहेको जानकारी दिँदै उहाँले नेपालको प्रतिष्ठा थप सुदृढ बनाउन सबै पक्ष जिम्मेवार बन्नुपर्ने धारणा राखिन्।

सभापति उदासले हालै नयाँ पर्यटन विधेयक संसद्मा दर्ता भएको जानकारी दिँदै उक्त विधेयक नेपालको पर्यटन क्षेत्रका लागि ऐतिहासिक अवसर भएको बताउनुभयो। “हाम्रो उद्देश्य केवल पर्यटन नियमन गर्नु होइन, नेपालको पर्यटनको भविष्य निर्माण गर्नु हो,” उहाँले भन्नुभयो।

उहाँले पर्यटनबाट स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुग्ने व्यवस्था, वातावरण संरक्षणसँगै आर्थिक अवसर विस्तार तथा नेपाललाई विश्वकै अग्रणी दिगो पर्वतीय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने दिशामा नीति निर्माण गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले सगरमाथाले मानवजातिलाई साझेदारी, विश्वास र सहकार्यको महत्वपूर्ण पाठ सिकाउने उल्लेख गर्दै नेपालले भविष्यमा सगरमाथालाई केवल पर्यटन गन्तव्यका रूपमा होइन, अन्तरराष्ट्रिय मित्रता, वातावरणीय संरक्षण, आर्थिक समृद्धि तथा जनस्तरको सम्बन्ध विस्तार गर्ने साझा मञ्चका रूपमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो। रासस

# विपन्न वर्गलाई निःशुल्क शिक्षा र स्वास्थ्य सेवा दिइनेछ : प्रधानमन्त्री शाह

काठमाण्डु। प्रधानमन्त्री वालेन्द्र शाहले विपन्न वर्गलाई निःशुल्क शिक्षा र स्वास्थ्य सेवा दिन सरकारले योजना बनाएको बताउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूका प्रश्नको जवाफमा उहाँले यस्तो बताउनुभएको हो। प्रधानमन्त्री शाहले नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का सांसद प्रमेश हमालको प्रश्नको जवाफ दिँदै उहाँले नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुँदै गर्दा व्यापार, निर्यात गर्ने वस्तुमा लाग्ने कर छुटलगायत विषयमा पनि ध्यान दिनुपर्ने र नेपाल अब निर्यातमुखी हुनुपर्ने सोचसहित स्तरोन्नतिलाई केही वर्ष पछि सार्न भनिएको बताउनुभयो।

“देशमा उत्पादन भएका चिज विभिन्न राष्ट्रमा निर्यात गर्न पाऊँ भन्नका लागि दुई वर्षका लागि त्यसलाई पछि सारेका हौं। हाल आत्मविश्वास बढाउनेभन्दा पनि देशलाई ठूलो रकम चाहिएको छ। हाम्रो ध्यान पैसा बढाउनेतिर गएको छ”, प्रधानमन्त्री शाहले भन्नुभयो, “साम्यवाद, समाजवाद भाषणमा दिन सहज हुन्छ। साँच्चिकै समाजवाद र साम्यवादको कुरामा म काठमाडौँ महानगरपालिकामा प्रमुख हुँदाको उदाहरण दिन चाहन्छु। हामीले विपन्नलाई निजी विद्यालयमा १० प्रतिशत छात्रवृत्ति दिनुपर्छ भनेर त्यसलाई परीक्षा लिएरै



लागू गरेका थियौं। त्यहाँ विपन्न नागरिकका सन्ततिले पनि महँगा कलेजमा पढ्न पाए। समाजवाद भनेको त्यो हो।”

उहाँले शिक्षा र स्वास्थ्यमा विपन्नलाई १० प्रतिशत निःशुल्क सेवा दिनुपर्ने नीतिलाई आफूहरूले देशैभर लागू गर्न खोजीरहेको अवगत गराउनुभयो। प्रधानमन्त्री शाहले संविधानमा निःशुल्क शिक्षा र स्वास्थ्य भनेर लेखिए पनि सरकारको बजेट सीमाबीच कम्तिमा विपन्न वर्गलाई निःशुल्क शिक्षा र स्वास्थ्य सेवा दिन सरकार र राष्ट्रिय स्वतन्त्र पार्टी लागेको स्पष्ट गर्नुभयो। रासस

# काठमाडौँबाट पूर्व चल्ने बसको टिकट अनलाइनमार्फत काट्न सकिने

काठमाण्डु। काठमाडौँबाट पूर्व क्षेत्रमा सञ्चालन हुने अधिकांश सार्वजनिक सवार साधनमा सिसी क्यामरा जडान गरिएको छ। साथै बसको टिकट पनि अनलाइनमार्फत काट्न सकिने व्यवस्था गरिएको हो।

सरकारले सबै सार्वजनिक सवारीसाधनमा अनिवार्य रूपमा जिपिएस प्रणाली र सिसी क्यामरा जडान गर्ने तयारी गरिरहेसँगै पूर्व यातायात व्यवस्थापन प्रालिले भने काठमाडौँको नयाँ बसपार्कबाट पूर्वतर्फ सञ्चालन हुने सबै सवारीसाधनमा जिपिएस प्रणाली र सिसी क्यामरा जडान गरेको हो।

पूर्व यातायात व्यवस्थापन प्रालिका अध्यक्ष रजन रोक्काले नयाँ बसपार्कबाट पूर्वका विभिन्न स्थानमा चल्ने ८१ सार्वजनिक सवारीसाधनमा जिपिएस प्रणाली र सिसी क्यामरा जडान गरिएको जानकारी दिनुभयो। रासस

# सेवासुविधा बढाउन विद्यालय कर्मचारीको माग




काठमाण्डु । नेपाल विद्यालय कर्मचारी परिषद्ले आगामी आर्थिक वर्षका लागि नेपाल सरकारले संसद्मा पेस गरेको बजेटमा आफूहरूको सेवासुविधा बढाउनेबारे पुनः विचार गर्न माग गरेको छ।

परिषद्ले आइतबार विज्ञप्ति जारी गरी बजेटमा सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीको तलबमान, स्थायित्व तथा सामाजिक सुरक्षाको विषयमा प्रष्टता आवश्यक रहेको जनाएको छ । परिषद्का अध्यक्ष गङ्गाराम तिवारी र महासचिव शान्तिराम योगीद्वारा जारी विज्ञप्तिमा विद्यालय कर्मचारीका जायज माग सम्बोधन गराउन पटक-पटक शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय, विभिन्न राजनीतिक दलका नेतृत्व, सम्बन्धित मन्त्री तथा सरकारका उच्च पदाधिकारीसँग भेटघाट, छलफल तथा ध्यानाकर्षण गराउँदै आए पनि माग सम्बोधन नभएको जनाइएको छ।


बजेटमाथिको छलफल तथा पारित हुने प्रक्रियामा विद्यालय कर्मचारीको तलबमान, स्थायित्व, सामाजिक सुरक्षा तथा सेवासुविधासम्बन्धी मागहरू स्पष्ट रूपमा सम्बोधन गर्न परिषद्ले आग्रह गरेको छ।

हाल देशभरका २७ हजार १० विद्यालयमा गरी ३० हजार ३४६ विद्यालय कर्मचारी छन्। रासस

# विपद् र जङ्गली जनावरबाट प्रभावित नागरिकलाई राहत दिन माग

काठमाण्डु। प्रतिनिधिसभाका सांसदहरुले प्राकृतिक विपद्बाट प्रभावित र जङ्गली जनावरको आतङ्कबाट त्रसित नागरिकलाई राहत दिन सरकारको ध्यानाकर्षण गराउनुभएको छ । सभाको आइतबारको बैठकको आकस्मिक समयमा उहाँहरुले विपद् जोखिम न्यूनीकरणमा ध्यान दिन, मानव-जङ्गली जनावर द्वन्द्व न्यूनीकरणमा विशेष योजना ल्याउन सरकारसँग माग गर्नुभयो।

नेपाली कांग्रेसका सांसद जनकराज गिरीले यही जेठ १४ गते बाजुराको बूढीनन्दा नगरपालिकाका वडा नं १ का पार्तोला, मटेलालगायत वस्तीमा झण्डै ३०० रोपनी बगरमा परिणात भएको र ५० जनाको घरभित्र बाढी पस्दा सयौं नागरिक खुला आकाशमुनि बस्न बाध्य




जानकारी दिँदै तत्काल प्रभावित नागरिकलाई राहत दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

नेपाली कम्युनिष्ट पार्टीका सांसद प्रेमबहादुर बयकले कैलालीमा यही जेठ १४ गते आएको तीव्र हुरीले लम्कीचुहा नगरपालिकामा २५, जानकी गाउँपालिकामा ६ र बर्दगोरिया गाउँपालिका ५३ गरी ८४ घर तथा टिकापुरमा एक विद्यालयको छाना उठाएको जानकारी दिँदै विपद्पीडित नागरिकलाई तत्काल राहत दिन आग्रह गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद लक्ष्मीप्रसाद पोखरेलले जङ्गली बँदेलका आतङ्कका कारण दैलेखको भैरवी गाउँपालिकाका स्थानीय हैरान भएको जनाउँदै जङ्गली जनावर नियन्त्रण गरी किसानलाई राहत दिन माग गर्नुभयो।

कांग्रेसका सांसद नरेन्द्रकुमार केरुङले मेची राजमार्गको दायाँबायाँ १५/१५ मिटर क्षेत्रभित्रको संरचना खाली गराउनेसम्बन्धी सङ्घीय सडक सुपरिवेक्षण इलाम डिभिजन कार्यालयको सूचनाले सो क्षेत्रमा बसोबास गरिरहेका १५ लाखभन्दा बढी नागरिकलाई त्रसित बनाएको भन्दै सो नीति परिवर्तन गर्न सरकारको ध्यानकर्षण गराउनुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अफ्साना बानुले गत भदौ २४ गतेको घटनामा झुटा मुद्दा लगाएर कतिपय युवालाई फसाइएको र उनीहरुका परिवारजन माइतीघर मण्डलामा १८ दिनदेखि धर्नामा बसिरहेको सुनाउँदै उहाँहरुका माग सम्बोधन गर्न माग गर्नुभयो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# तराई मधेशमा सुख्खा

नेपालको तराई मधेशमा फेरी सुख्खा पर्ने संकेत देखिन थालिएकोछ ।जलवायु तथा मौसम विज्ञान विभागले गरेको भविष्यवाणी अनुसार जेष्ठ महिनाको अन्त्यदेखि वर्षा हुने छैन् ।समान्य किसिमको कहिलेकाहीं पानी परेपनि त्यसले धान रोपाई हुन सक्दैन् ।अहिलेपनि समान्य वर्षा भइरहेको छ ।तर चापाकलहरुमा पानीको समस्या छ ।बिहान केहि बेर समान्य रुपमा चापाकलबाट पानी आएपनि दिन घर्किंदै जादा पानी कम हुन थाल्छ ।पानी तान्न हैण्डिलमा धेरै बल गर्नुपर्ने हुन्छ ।पिउने पानीको समस्या पूर्वपश्चिम राजमार्गको भन्दा तल्लो भेगमा अहिले नै बढेको छ ।उत्तरी भेग त झन सुख्खा नै हुनेछ ।केहि वर्षदेखि तराई मधेशमा निरन्तर पानीको समस्या बढदो छ ।मानिस र पशुलाई पिउने पानीको समस्या हुने गर्छ ।खेतीमा पानीको समस्या झन बिकराल नै छ ।गत वर्ष प्रदेश सरकारले पिउने पानी बिहिन्न बस्तीहरुमा टैंकरबाट आपूर्ती गरेको थियो ।त्यसले केहि राहत भएपनि समस्याको समाधान भने भएन् ।मधेश प्रदेशमा सिँचाईको लागि सयौं डिप बोरिंग गरिएको छ ।तर बिजुली नहुँदा बोरिंग सञ्चालनमा आउन सकेको छैन् ।एउटा बोरिंगमा सरकारको लगानी १५ लाखदेखि माथि नै छ ।सरकारले बोरिंगको काम गराएपनि त्यसको सञ्चालन अधुरो राख्दा अलपत्र परेको छ ।प्रदेश सरकारले सिंचाईको लागि थप बोरिंग गर्नु भन्दा भएका बोरिंगहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न बढी उपयुक्त हुनेछ ।तराई मधेशमा पानीको समस्या समाधानका लागि ठोस पहल आवश्यक छ ।डिप ट्यूबेल लगायतका भूमीगत सिंचाईपनि दीर्घकालिन समाधान होइन् ।हरेक वर्ष पानीको मुहान तल सर्दै गइरहेकोले समस्यापनि बिकराल हुँदै गएको छ ।संघीय सरकारलेपनि तराई मधेशलाई सुख्खा भन्दै झण्डै तीन सय डिप बोरिंग जडान गर्ने घोषणा गरेको छ ।त्यसको लागि बजेटपनि बिनियोजन गरिएको छ ।तर समाधान त्योपनि होइन् ।तराई मधेशमा पानीको समस्या समाधान गर्न रिचार्जको व्यवस्था हुन आवश्यक छ ।त्यसका लागि चुरेको संरक्षण आवश्यक छ ।सरकारले चुरेको संरक्षण नगरे सम्म तराई मधेशमा पानीको समस्या बिकराल हुँदै जानेछ ।संघीय सरकारले चुरे संचरक्षणलाई उपेक्षा गरेको छ ।चुरे संरक्षणका लागि सरकारले बजेटमा ध्यान दिएको छैन् ।चुरेको विनाश द्रुतगतिमा भइरहेको छ ।चुरेको विनास रोक्न र चुरेलाई संरक्षण गर्न राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागु गरिएको थियो ।सरकारले बजेटपनि बिनियोजन गरेको थियो ।तर त्यसमा व्यापक अनियमितता भएको थियो ।समितिका पदाधिकारीहरुले चुरेको संरक्षण भन्दा आफ्नो प्रगतिमा जोड दिएका थिए ।त्यसकारण सरकारले दिएको बजेट खर्चिएपनि उपलब्धि शून्य थियो ।सबै तहको सरकारले तराई मधेशलाई जोगाउन पानीका लागि एकिकृत योजना लागु गर्न आवश्यक छ ।

# सिन्धु जल सम्झौतामा परिस्थितिजन्य संशोधनको अपरिहार्यता



● श्रीमन नारायण

सिन्धु नदी जलसम्झौताले भारतलाई साह्रै न्यून तर पाकिस्तानलाई एकपक्षीय रुपमा लाभ पुऱ्याई रहेकोले यसको पूनः समीक्षा गरी आवश्यकता महसुस भए खारेज गर्ने तर्फ पाईला चाल्नुपर्ने चाहना भारतमा बढदै गएको छ । भारतका कतिपय यस्ता विश्लेषकहरु पनि छन्, जो भारत भन्दा बढी पाकिस्तानको हितको चिन्ता गर्दछन् । अप्रील २०२६ मा चथम हाउसद्धारा प्रकाशित एउटा लेखको आशय पनि यस्तै रहेको देखियो । "भारत र पाकिस्तान अझै पनि सिन्धु जल सन्धि पुर्नस्थापित गर्न सहमत हुन सक्दैनन् तर पुनः संलग्नताले दिगो शान्ति ल्याउन मद्यत गर्न सक्छ" भन्ने शीर्षकको उक्त लेखको भारतमा चर्को आलोचना भईरहेको छ ।

खासगरिकन सिन्धु जलका लागि पूर्व भारतीय आयुक्त प्रदीप कुमार सक्सेनाको तथ्य एवं तर्कपूर्ण प्रतिक्रियाले चथम हाउसको उक्त लेखलाई आधारहीन र पूर्वाग्रही सावित गरेको छ ।

हुनत चथम हाउस आफुलाई एउटा स्वतन्त्र नीति संस्था र बहस एवं संवादको लागि एउटा विश्वसनीय मन्च भएको दावी गर्दछ साथै सरकार र समाजलाई सुरक्षित, दिगो, समुद्ध र न्यायपूर्ण संसार निर्माण गर्न मद्यत गर्ने लक्ष्य राखेको दावी गर्दछ । तर यो लेखले विगत ६ दशकभन्दा बढी समयदेखि भारतको खर्चमा सन्चालन भईरहेको सन्धिको यथास्थिति संरक्षण गर्ने तर्फ ठुलो झुकाव भएको दृष्टिकोण राख्दछ यो लेख सिन्धु जल सन्धिलाई सहयोगको साधनको रुपमा प्रस्तुत गर्ने मौलिक रुपमा त्रुटीपूर्ण दृष्टिकोणवाट लेखिएको दावी सक्सेनाको रहेको छ ।


चथम हाउसको यो लेख सिन्धु जल सन्धिलाई सहयोगको साधनको रुपमा प्रस्तुत गर्ने कार्य नै मौलिक रुपमा त्रुटीपूर्ण दृष्टिकोणवाट लेखिएको छ । यथार्थमा, यस सन्धिले विभाजनको साधनको रुपमा काम गरेको देखिन्छ, जसले पाकिस्तान माथि तुलनात्मक दायित्व नराखी भारतमाथि धेरै दायित्वहरु थोप्ने काम गऱ्यो ।

कुनै पनि पानी बाँडफाँड सन्धिको स्थायित्व मुख्य तथा माथिल्लो नदी किनारको राज्यको आचरणमा निर्भर गर्दछ । यदि यो सन्धि पटक पटक हुने द्धन्द्धहरुको बावजुद ६ दशक भन्दा पनि बढी समयसम्म टिकेको छ भने, यसको श्रेय पूर्ण रुपमा भारतलाई जान्छ जसले एक जिम्मेवार र अशान्त अवधिहरुमा पनि आफनो दायित्वहरुको सम्मान गर्न जारी राख्यो । जबकी पाकिस्तानले जम्मु र कश्मीरमा विकास कार्यमा अवरोध गर्न यसलाई राजनीतिक उपकरणको रुपमा प्रयोग गर्न जारी राख्यो ।

चथम हाउसको लेखले पहलगाम आक्रमणपछि भारतले सिन्धु जलसन्धि निलम्वन गरेको कार्यलाई उत्तेजक वा अस्थिर बनाउने कार्यको रुपमा प्रस्तुत गरेको छ । जुनकी भ्रामक र नैतिक रुपले उल्टो छ । भारत आतंकवादवाट पीडित राष्ट्र हो, जसले दशकौंसम्म आफनो भूमिमा निरन्तर विनाशकारी आतंककारी आक्रमणहरु भोगेको छ, जुनकी पाकिस्तानकै भूभागवाट अथवा उसकै प्रत्यक्ष वा परोक्ष समर्थनवाट भएको भारतको आरोप छ । पहलगाम आक्रमण ऊँटको पिठयूँमा अन्तिम घास भनेको कथा जस्तो मात्र हो । भारत विरुद्ध आतंकवादलाई प्रायोजन गर्ने राज्य प्रति भारतले सन्धि दायित्वहरु पुरा गर्न जारी राख्नुपर्छ भन्ने प्रस्तावले अन्तर्राष्ट्रिय कानूनको आधारभुत सिद्धान्तलाई अस्वीकार गर्दछ, जसमा परिस्थिति बदलिएमा सन्धि वा सम्झौता लागु नहुने सिद्धान्त (रेवस सिक स्टैनटिवस) पनि समावेश छ, जसले आधारभुत परिस्थितिहरु भौतिक रुपमा सहयोगलाई बढावा दिन डिजाईन गरिएको सन्धि एकतर्फी दायित्वको रुपमा टिक्ने अपेक्षा गर्न सकिदैन, जब अर्को पक्षले छद्‌म हिंसा मार्फत द्धीपक्षीय सम्बन्धलाई कमजोर बनाउन जारी राख्छ ।

उक्त लेखले अन्तर्राष्ट्रिय जल सन्धिलाई स्थिरशक्ति र स्थायित्वको मोडेलको रुपमा प्रचार गर्छ, तर सा।हयोगको नाममा नदी किनारको राज्यको रुपमा, भारतलाई केवल तीन पूर्वी नदीहरु रावी, व्यास र सतलज मात्र छुटयाइएको थियो, जसले बेसिनको कुल प्रवाहको २० प्रतिशतभन्दा कम ओगटेको थियो जसमा पहिले नै प्रयोगमा रहेको पानी समावेश थियो । यो सानो हिस्सा (भाग) को लागि पनि, भारतलाई पाकिस्तानद्धारा कब्जा गरिएको कश्मीरमा प्रतिस्थापन कार्यको क्षतिपूर्तिको रुपमा वर्तमान मूल्यमा २.४५ बिलियन डलर तिर्न लगाइएको थियो । यो असाधारण छुट १९६० मा भुराजनीतिक दवावमा दिइएको हुन सक्दछ, जब भारतको विकासजन्य आवश्यकताहरु बेसिनको जलविज्ञानलाई राम्ररी बुझिएको थिएन । ६ दशक पछि, भारतको जनसंख्या पानीको माग अत्याधिक रुपमा बढेको र पानीको प्रयोगमा सन्धि प्रतिबन्धका कारण जम्मु र काश्मीर दीर्घकालीन रुपमा अविकसित रहेको अवस्थामा, यो व्यवस्था संरचनात्मक रुपमा असम्भव भएको छ । उक्त लेखमा "भारतको जलांशययुक्त भण्डारण क्षमतामा बृद्धि भएमा पानीको अभाव बढदै जाँदा संकट बढने जोखिम हुन्छ" भन्ने तर्क गरिएको छ, जुन प्रस्तावले भारतले आफनो बैद्य विकास आकांक्षालाई पूर्ण रुपमा त्याग्नुपर्छ भन्ने तर्कलाई जनाउँछ, जुनकी सर्वथा गलत हो ।

चथम हाउसको यो लेख पूर्णतः भारतको विरोधमा र पाकिस्तानको पक्षमा रहेको देखिन्छ । यो लेखले स्थायी सिन्धु आयोग र तेश्रो पक्ष प्रकृयाहरुलाई "डेटा समझदारी" र विवाद व्यवस्थापन गर्ने रुपमा जोडदार तरिकाले बोल्छ । यसले के पनि बताउन चाहन्छ भने पाकिस्तानले पश्चिमी नदीहरुमा पूर्ण रुपमा बैद्य भारतीय नदी प्रवाह जलविधुत परियोजनाहरुलाई अवरोध गर्न यी संयन्त्रहरुको क्रमिक दुरुपयोग गरेको छ, जसमध्ये केही ५ मेगावाट भन्दा कम क्षमताका छन्, जसले पाकिस्तानको पानी उपलब्धतालाई कुनै भौतिक हानी पुऱ्याउँदैन ।



भारतलाई शंकास्पद क्षेत्राधिकारको मध्यस्थता कारवाहीहरुमा तान्दै र सन्धि मन्चहरुलाई वास्तविक विवाद समाधानको सट्टा कुटनीतिक उत्पीडनको साधनको रुपमा प्रयोग गर्दै पाकिस्तानले किशन गंगा, बगलिहार रात्ले र अन्य धेरै परियोजनाहरुमा आपत्ति जनाएको छ । यो लेखले प्राविधिक विवादहरु "बढी बारम्बार र बढदो रुपमा राजनीतिकरण" भएको कुरा पनि स्वीकार गर्दछ तर यो विग्रनको लागि पाकिस्तानको कुनै जिम्मेवारी तोक्न असफल भएको छ ।

"अन्तर्राष्ट्रिय जल सन्धि" को प्रावधानहरुलाई जसरी उक्त लेखले आफैं स्वीकार गरेको छ, "आधुनिक जलवायु विज्ञानको पूर्ववर्ति हो र पुरानो जल विज्ञान धारणाहरुमा आधारित छ" यदि सन्धि वर्तमान वास्तविकताहरुको लागि यति अनुपयुक्त छ भने तार्किक निश्कर्ष हो कि यसलाई मौलिक रुपमा वर्तमान जलविज्ञानीय अवस्था, समतामुलक पानी बाँडफाँड, प्राविधिक प्रगति र भारतको बैद्य विकास अनिवार्यताहरु प्रतिविम्वित गर्ने सर्तहरुमा पूनवार्ता गरिनुपर्छ। सुरुदेखि नै भारत विरुद्ध विकृत व्यवस्थाहरु संरक्षण गर्न केवल पुनर्स्थापित गरिएको होईन ।

यस लेखले सहकारी शासनको लागि तर्क गर्न अरल सागर बेसिन, मेकाङ नदी आयोग र सेनेगल नदी बेसिनसँग समानताहरु प्रस्तुत गर्दछ । यी उदाहरणहरुमा ती राज्यहरु समावेश छन्, जुन व्याप्क रुपमा आफनो विकासात्मक हितमा एकताबद्ध छन् र एक अर्का विरुद्ध निरन्तर सीमापार आतंकवादमा संलग्न छैनन् । तर भारत पाकिस्तान सम्बन्धको त्यस्तो कुनै आधार छैन । सहयोग ढाँचाहरु त्यहाँ काम गर्छन, जहाँ आधारभुत सदभाव हुन्छ । भारतलाई लक्षित गर्ने आतंकवादी पूर्वाधारको लागि पाकिस्तानको निरन्तर समर्थनले मेकोङ आयोग वा जोर्डन-इजरायल पानी व्यवस्था सँगको तुलनालाई अपूर्ण र मौलिक रुपमा भ्रामक बनाउँछ ।

यस लेखले अन्तर्राष्ट्रिय पक्षहरुलाई जल कुटनीतिलाई समर्थन गर्न आग्रह गर्दै र विश्वास पुननिर्माणमा "धैर्य" को लागि आहवान गर्दै अन्त हुन्छ । यस विषयमा भारतको स्पष्ट धारणा छ यसले पाकिस्तानसँगका सबै व्यवहार द्धीपक्षिय हुने कडा नीति कायम राख्छ, तेश्रो पक्ष मध्यस्थतालाई अस्वीकार गर्छ ।

यस बाहेक आतंकवादी पूर्वाधारलाई भत्काउन र आफना अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुको सम्मान गर्न पाकिस्तानद्धारा प्रमाणित दिगो कारवाही मार्फत मात्र विश्वास पुननिर्माण गर्न सकिन्छ । पाकिस्तानले दण्डहिन्ताका साथ कार्य गरिरहने र भारतलाई "आईडब्लुटी" लाई पवित्र मान्न आग्रह गर्नु शान्तिको सल्लाह होईन ।

यो भारतको संयमको निरन्तर शोषण हो । चथम हाउसको लेखले तेश्रो पक्षद्धारा मध्यस्थता गरिएको पुरानो र पक्षपाती संस्थागत व्यवस्था कायम राख्न भारतले आफनो सार्वभौमहित, सुरक्षा चासो र विकास आवश्यकताहरुलाई अधीनमा राख्ने अपेक्षा गर्दछ । सन्धिको स्थगन सहित पाकिस्तान आक्रमणको भारतको संयमित प्रतिक्रिया क्षेत्रीय स्थिरताका लागि आवश्यक हो ।

## आवरणमा 'परमपूज्य', आचरणमा व्यापारीः

# तपाईं कसरी धार्मिक अनि धर्मगुरु ?

२१औं शताब्दीको आधुनिक, उच्च प्रविधियुक्त, सूचनासम्पन्न र द्रुतगतिको वैश्विक सभ्यतामा धर्म र आध्यात्मिकताको परिभाषा फेरिनु हुँदैनथ्यो ।

तर, विडम्बना ! दुखका साथ भन्नुपर्छ आज धर्म केवल परम्परागत कर्मकाण्ड, बाह्य पूजा पद्धति, मन्त्र उच्चारण, गेरुवा वस्त्र वा बाह्य प्रतीकहरूको प्रदर्शनमा संकुचित हुँदै गएको छ। मानव इतिहास साक्षी छ, धर्मको मूल उद्देश्य कहिल्यै पनि केवल अनुष्ठानको औपचारिकता वा भीड जम्मा गर्नु थिएन । यसको गहिरो मर्म त मानवलाई मानवताको उच्चतम चेतनातर्फ उन्मुख गराउनु, समाजलाई विखण्डन र द्वेषबाट जोगाउनु, र व्यक्तिलाई करुणा, सत्य तथा सहअस्तित्वको आधारमा आन्तरिक रूपमा रूपान्तरण गर्नु हो ।

तर, वर्तमान सामाजिक, सांस्कृतिक र राजनीतिक यथार्थलाई नजिकबाट नियाल्दा धर्मको यही मूल आत्मा क्रमशः विकृत, प्रदूषित र व्यापारिक बन्दै गएको गम्भीर अनुभूति हुन्छ । जहाँ धर्मले प्रेमको सुगन्ध फैलाउनुपर्ने थियो, त्यहीँ अहिले प्रतिस्पर्धा, बजारमुखी प्रचार, भौतिक प्रदर्शन र प्रभुत्व जमाउने अहंकारको ध्वनि बढी सुनिन थालेको छ । धर्म, जुन आत्मिक शान्ति, मानसिक सन्तुलन र सामाजिक सद्भावको अकाट्य मार्ग थियो, आज कतिपय कर्पोरेट शैलीका आश्रम र गुरुहरूका कारण पहिचान, शक्ति, राजनीतिक पहुँच र आर्थिक साम्राज्य विस्तारको भऱ्याङ बन्न पुगेको छ।

आज धर्म केवल आस्था, व्यक्तिगत साधना र आन्तरिक रूपान्तरणको विषय मात्र रहेन। यो त एक सुनियोजित 'ब्रान्डिङ', आक्रामक 'मार्केटिङ' र 'फलोअर इकोनमी' (अनुयायी अर्थतन्त्र) जस्तो बहुराष्ट्रिय व्यापारिक संरचनामा रूपान्तरण हुँदै गएको देखिन्छ । सामाजिक सञ्जालका भित्तादेखि सार्वजनिक प्रवचन मञ्चहरूसम्म, आध्यात्मिकताको नाममा प्रतिस्पर्धात्मक प्रचार, प्रायोजित आत्मप्रशंसा र डिजिटल अनुयायीहरूको सङ्ख्या प्रदर्शन गर्ने होडबाजी सामान्य भइसकेको छ। आधुनिक सञ्चार माध्यमको दुरुपयोग गर्दै धार्मिक मञ्चहरूलाई संवेग (झ्यतष्यल) को व्यापार गर्ने थलो बनाइएको छ।

यस्तो द्रव्यमुखी वातावरणमा आधुनिक समाजसामु केही गम्भीर प्रश्नहरू खडा हुनु स्वाभाविक र अपरिहार्य बन्न पुगेको छ ।

के धर्म अब आत्मशुद्धिको साधना हो कि आत्मप्रदर्शन र सम्पत्ति आर्जनको मञ्च?

के "गुरु" को आसन सेवा, त्याग, वैराग्य र विनम्रताको सर्वोच्च प्रतीक हो कि राजनीतिक प्रभाव, अथाह धन र सस्तो लोकप्रियताको केन्द्र?

जहाँ संवेदनशीलता र करुणा हराउँदै जान्छ । त्यहाँ आत्मप्रचार एवं भौतिक महत्वाकांक्षा बढ्दै जान्छ, त्यहाँ धर्मको आत्मा मृतप्रायः हुन्छ। सत्यलाई नजरअन्दाज गरेर बाह्य आडम्बरको जगमा उभिएको धार्मिक साम्राज्य जतिसुकै भव्य देखिए पनि त्यसले समाजलाई अन्ततः नैतिक अन्धकारतर्फ नै धकेल्छ।

वैदिक सनातन धर्म दर्शन र विश्वका महान् धार्मिक सिद्धान्तहरूले सधैँ 'वसुधैव कुटुम्बकम्' को उच्च आदर्श प्रस्तुत गरेका छन् ।

तर, व्यवहारको धरातलमा जब यही आदर्शको रटान लगाउने संकीर्ण मतका सञ्चालकहरू नै समाजमा विभाजन, घृणा, साम्प्रदायिक विद्वेष र आफ्नो श्रेष्ठताको तुच्छ प्रतिस्पर्धामा उत्रिन्छन्, तब धर्म र पाखण्डबीचको सीमारेखा पूर्ण रूपमा धमिलो हुन थाल्छ ।

जहाँ धर्मले समाजका हरेक तप्कालाई जोड्ने पुलको काम गर्नुपर्ने हो, त्यहाँ यदि कुनै विचार, सम्प्रदाय, संस्था वा विशिष्ट घोषित व्यक्तित्वले अरूलाई तुच्छ, अशुद्ध वा शत्रु ठान्ने प्रवृत्तिको विकास गर्छ भने, त्यो आध्यात्मिकता हुँदै होइन ।

त्यो केवल वैचारिक अहंकार र अधार्मिक कट्टरता हो । अहंकार, जुनसुकै पवित्र पोशाक वा भाषामा प्रकट भए पनि, अन्ततः आध्यात्मिकताको पहिलो बाधक हो। करुणा र घृणा एउटै हृदयमा सँगै बस्न सक्दैनन्। त्यसैले, जो अरूको अस्तित्वप्रति असहिष्णु छ, ऊ कसरी 'धार्मिक' वा 'परमपूज्य धर्मगुरु' हुन सक्छ?

मलाई लाग्छ साँचो गुरु त्यो हो, जसले शिष्यलाई आफूतर्फ होइन, शाश्वत सत्यतर्फ उन्मुख गराउँछ। जसले मानिसलाई व्यक्ति पूजाको चक्रव्यूहबाट मुक्त गरेर विवेकको मार्ग देखाउँछ। जसले विनम्रता सिकाउँछ र शिष्यको मनमा उठ्ने तर्कसंगत प्रश्नहरूलाई निषेध होइन, बरु प्रोत्साहन गर्छ। तर, आजको तथाकथित गुरु परम्परा आत्मप्रशंसा, अन्धअनुकरण, प्रश्नहीन अनुयायित्व र व्यावसायिक सञ्जालमा परिणत भएको छ। परिणामस्वरुप, समाजमा स्वस्थ 'श्रद्धा' होइन, भयानक 'अन्धभक्ति' को जन्म भइरहेको छ।

अन्धभक्तिको सबैभन्दा ठूलो सामाजिक खतरा यही हो, यसले मानिसको सोच्ने र बुझ्ने विवेकलाई सुस्त बनाउँछ । आलोचनात्मक चेतनालाई निष्क्रिय पार्छ र सही गलत छुट्याउने क्षमताको हरण गर्छ। यस्तो बौद्धिक दासताको अवस्थामा धर्मको नाममा हुने शोषण, ठगी, अभद्र व्यवहार र असामाजिक क्रियाकलापहरू पनि सहजै स्वीकार्य हुन थाल्छन्। समाज जब प्रश्न सोध्न




डराउँछ, तब पाखण्डको संस्थागत विकास हुन्छ।

आजको बौद्धिक समाजले आत्मसमीक्षा गर्दै यी प्रश्नहरूको उत्तर खोज्नैपर्छ ।

के करुणा, विनम्रता, अपरिग्रह (सम्पत्ति थुपार्ने मोह नहुनु) र सत्यको आधारभूत अभ्यास नै नगरेको व्यक्ति कसैको "आध्यात्मिक मार्गदर्शक" हुन सक्छ?

के अरूको आस्था र अस्तित्वमाथि विषवमन गरेर, समाजमा साम्प्रदायिक विभाजन सिर्जना गरेर कोही व्यक्ति साँचो "धार्मिक गुरु" कहलिन योग्य हुन्छ?

मलाई लाग्छ, धर्म कुनै आकर्षक भाषण होइन । कुनै विशिष्ट पोशाक होइन । न त यो कुनै संस्थागत कर्पोरेट संरचना नै हो। धर्म त मानवको दैनिक व्यवहार र चरित्रमा स्वतः प्रकट हुने चेतना हो। यदि व्यक्तिको आचरणमा करुणा छैन, अरूप्रतिको व्यवहारमा सहअस्तित्वको भावना छैन र सोचमा चरम विनम्रता छैन भने, उसको बाहिरी धार्मिकता केवल एक कुशल अभिनय वा व्यावसायिक आवरण मात्र हो।

साँचो धर्मले मानिसहरू बीचको दूरी बढाउँदैन, यसले त भत्किएका सम्बन्धहरू जोड्छ, घाइते मनहरूलाई मानवीयताको मलम लगाउँछ र समाजमा आपसी अविश्वासको खाडल पुरेर विश्वासको पुनर्निर्माण गर्छ। धर्मको वास्तविक परीक्षा कुनै भव्य मन्दिर, आश्रम, महँगा यज्ञशाला वा प्रवचन मञ्चमा हुँदैन । बरु दैनिक जीवनको साधारण व्यवहारमा, विपदा परेकाहरूलाई गरिने सहयोगमा र समाजप्रतिको उत्तरदायित्वमा हुन्छ। आचरण विनाको धर्म केवल एक निर्जीव लाश जस्तै हो, जसलाई जतिसुकै सजाए पनि त्यसले सुगन्ध दिन सक्दैन।

अबको समाजले धर्मलाई व्यापारिक र संकीर्ण बन्धनबाट मुक्त गराई पुनः यसको वास्तविक, उदात्त र मानवीय मूल मर्ममा फर्काउने साहस गर्नैपर्छ। केवल बाह्य आडम्बर, चमत्कारको भ्रम, र महँगा अनुष्ठानहरूलाई 'आध्यात्मिकता' ठान्ने सामूहिक सम्मोहन (ःबकक ज्थउलयतष्क) बाट समाज बाहिर निस्कन आवश्यक छ। धर्मको नाममा पर्दापछाडि चलिरहेको शक्ति, राजनीति, भावनात्मक दोहन, र अनुयायीको संख्या बढाएर गरिने 'इमोसनल ब्ल्याकमेलिङ' लाई साहसका साथ प्रश्न गर्ने समय आइसकेको छ।

यो वैचारिक प्रश्न कुनै एक विशिष्ट व्यक्ति, संस्था वा धार्मिक सम्प्रदायविरुद्धको सङ्घर्ष मात्र होइन; यो त समग्र सामाजिक चेतनाको शुद्धिकरण र जागरणको महाअभियान हो। हामीले आफैलाई सोध्नुपर्ने बेला भएको छ, हामी वास्तवमा के पूजा गर्दैछौं? सत्य र मानवतालाई, कि केवल भव्य आवरण र अभिनयलाई?

अन्ततः, संसारका तमाम दार्शनिक निष्कर्ष र धार्मिक शास्त्रहरूको सारलाई एउटै वाक्यमा समेट्न सकिन्छ । जसले जगतलाई जोड्छ र कल्याण गर्छ, त्यो धर्म हो । जसले समाज अनि मानवलाई तोड्छ र एकआपसमा घृणा फैलाउँछ, त्यो अधर्म हो । जसले मानवभित्र करुणा र सेवाभाव जगाउँछ, त्यो वास्तविक अध्यात्म हो । जसले मानिसमा अहङ्कार, साम्प्रदायिकता र श्रेष्ठताको उन्माद बढाउँछ, त्यो केवल धार्मिक बजारको व्यापारिक आवरण हो।

आवरणमा जतिसुकै दिव्यता, भव्यता र 'परमपूज्यता' को दाबी गरिए तापनि यदि व्यक्तिको आचरण र व्यवहारमा न्यूनतम मानवता, नैतिकता र इमानदारिता छैन भने, त्यो आध्यात्मिकता होइन । त्यो केवल धर्मको नाममा गरिएको प्रपञ्च र पाखण्ड हो।

इतिहास साक्षी छ, पाखण्ड र भ्रमको आयु कहिल्यै पनि दीर्घकालीन हुँदैन। यसले समाजलाई केही समय दिग्भ्रमित पार्न त सक्ला, तर अन्ततः यसले समाजको जगमा गहिरो अविश्वास र नैतिक स्खलनको घाउ मात्र छोडेर जान्छ। त्यसैले, वर्तमान र आगामी पुस्ताको भविष्य सुरक्षित राख्नका लागि प्रश्न केवल अरूमाथि होइन, आफैभित्र पनि सोधिनु आवश्यक छ । हामी धर्म र नैतिकताको माध्यमबाट उन्नत समाज निर्माण गर्दैछौं कि धर्मको अन्धअनुकरण गर्दागर्दै आफ्नो मौलिक मानवीय चेतना नै गुमाउँदैछौं?

*बेलैमा चेतना भया ! जयजय गोरख, जयजय काली*

# उपभोक्तालाई 'लट्री टिकट'बाटै लखपति बनाउँछौँ: अर्थमन्त्री डा वाग्ले



काठमाण्डु । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले उपभोक्तालाई ' लट्री टिकट'बाटै लखपति बनाउने बताउनुभएको छ।

बजेट सार्वजनिक भएको दुई दिनपछि आइतबार अर्थमन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले मूल्य अभिवृद्धिकरको बिललाई नै लट्री टिकट बनाउन लागिएको बताउनुभयो। "अब हरेक भ्याट बिल अटोमेटिक लट्री टिकट बन्दैछ, लट्री टिकटबाट हरेक दिन हामी केहीलाई लखपति बनाउँछौँ।"

उक्त योजनामा विदेशबाट विप्रेषण पठाउने नेपालीलाई पनि सहभागी गराइने उहाँको भनाइ छ। सो व्यवस्थाअनुसार मूल्य अभिवृद्धिकरको बीलबिजक लिने संस्कृतिलाई प्रोत्साहन गर्नुका साथै कर छली नियन्त्रण र राजस्व सङ्कलनमा सकारात्मक प्रभाव पार्ने विश्वास लिइएको उहाँले बताउनुभयो।

उहाँले राजस्व सङ्कलनको लक्ष्य पूरा गर्नका लागि उपभोगमा आधारित कर प्रणालीलाई प्राथमिकता दिइएको बताउनुभयो । मध्यम वर्गलाई अत्यधिक करको भार नथोपरिएको स्पष्ट पार्दै अर्थमन्त्री वाग्लेले रु १० लाखसम्मको वार्षिक आम्दानीमा एक प्रतिशत कर लाग्ने व्यवस्था गरिएको उल्लेख गर्नुभयो।

अर्थमन्त्री डा वाग्लेले विद्युतीय पूर्वाधार निर्माणका लागि बिजुलीको महसुलमा सामान्य शुल्क लगाउन लागिएकोसमेत बताउनुभयो। विद्युतीय पूर्वाधार निर्माणका लागि मात्रै आगामी आर्थिक वर्षका लागि रु ८५ अर्ब ५४ करोड बराबरको बजेट विनियोजन गरिएको उल्लेख गर्दै उहाँले लगानीको स्रोत जुटाउनका लागि ५० युनिटभन्दा बढी विद्युत् उपभोग गर्नेलाई पाँच प्रतिशत बराबरको कर प्रस्ताव गरिएको बताउनुभयो।

यस्तै, निजी विद्यालयमा अध्ययन गर्ने र निजी अस्पतालमा उपचार गर्नेका हकमा उठाउन लागिएको समता कोष सार्वजनिक पूर्वाधार विकास र दुर्गम क्षेत्रका विद्यार्थीको पोषणका लागि खर्च गरिने उहाँको भनाइ थियो।

नियमित दायित्वका लागि नै ठूलो स्रोत विनियोजन गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो । निर्माणका क्रममा रहेका पूर्वाधार सम्पन्न गर्न बजेटले जोड दिएको जानकारी दिँदै अर्थमन्त्री डा वाग्लेले आगामी आवमा १२ वटा प्रसारण लाइन र हुलाकी राजमार्ग पूरा हुने विश्वास व्यक्त गर्नुभयो । बजेटमार्फत एआई तथा विद्युतीय पूर्वाधार निर्माणका लागि विशेष प्रबन्ध गरिएको र यो परियोजना रणनीतिक महत्वको रहेको अर्थमन्त्रीको भनाइ छ।

बजेटमा सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइएको र केही थप गरिएको जानकारी दिँदै अर्थमन्त्रीले गरिबी न्यूनीकरणका कार्यक्रम अगाडि बढाउँदै मध्यमवर्गमा स्तरोन्नति गर्न लागिएको बताउनुभयो।

सेयर कारोबारबाट प्राप्त हुने पुँजीगत लाभमा लाग्ने कर नै अन्तिम कर हुने उहाँले स्पष्ट पार्नुभयो । सेयर लगानीकर्ताबीच करसम्बन्धी देखिएको अन्योल हटाउन सरकारले यस विषयमा स्पष्ट व्यवस्था गरेको उहाँको कथन छ। पुँजीगत लाभकरका बारेमा केही पक्षले अनावश्यक रूपमा भ्रम फैलाएको दाबी गर्दै उहाँले गलत व्याख्या नगर्नसमेत आग्रह गर्नुभयो।रासस

# सांसदका प्रश्नमा प्रधानमन्त्री शाहको जवाफ



काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले सांसद्हरुले उठाउनुभएको प्रश्नको जवाफ दिनुभएको छ। प्रतिनिधिसभाका विगतका बैठकमा सांसद्हरुले उठाउनुभएको माग सम्बोधन गर्दै प्रधानमन्त्री शाहले आइतबार जवाफ दिनुभएको हो।

सभाको आइतबारको बैठक सुरू भए लगत्तै सभामुख डोलप्रसाद अर्यालसमक्ष प्रधानमन्त्री शाहले बोल्नका लागि समय माग गर्नुभएको थियो । सदनका बैठकमा प्रधानमन्त्री, मन्त्री र विपक्षी दलका नेताले समय माग्दा सभामुखले सम्बोधन गर्न समय दिने संसदीय अभ्यास छ।

प्रधानमन्त्रीले आइतबार सांसद्हरुको जवाफ दिने भनेपछि सभामुख अर्यालले सांसद्हरुलाई दलीय आधारमा प्रधानमन्त्री शाहलाई प्रश्न सोध्न समय दिनुभएको थियो।

प्रतिनिधिसभा नियमावली, २०७९ को दफा ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था छ। प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्ष रुपमा सम्बन्धित महत्वपूर्ण विषयमा प्रश्न सोध्नका लागि सभामुखले प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्ने नियमावलीमा व्यवस्था छ । सो समयमा सभामुखले प्रश्नकर्ता सदस्यको नाम बोलाउने, नाम बोलाइएको सदस्यले आफ्नो स्थानमा उभिएर प्रधानमन्त्रीसँग प्रश्न गर्न सक्ने र प्रश्नको जवाफ प्रधानमन्त्रीले तत्काल दिनुपर्ने व्यवस्था छ।

प्रश्नोत्तर सुरु हुनुअघि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का युवराज दुलाल र नेकपा (एमाले) का ऐनबहादुर महरले प्रतिनिधिसभा नियमावली, २०७९ को दफा ५६ बमोजिममा भएको व्यवस्थाबारे सभामुख अर्यालको ध्यनाकर्षण गराउनुभएको थियो । नेपाली कांग्रेसका अर्जुनरसिंह केसीले नियम, प्रक्रिया र पद्धतिमा सभा सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो।

यही जेठ १२ गतेको प्रतिनिधिसभाको बैठकमा विपक्षी दलले सरकारको जवाफदेहीताको माग गर्दै बैठकमा अवरोध गरेका थए। तत्पश्चात केही समय बैठक स्थगन भएको थियो । सोही दिन बसेको दोस्रो बैठकमा सत्तापक्षका राष्ट्रिय स्वतन्त्र पार्टीका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले प्रधानमन्त्री शाहको सचिवालयसँग कुरा गरेर एक साताभित्र प्रधानमन्त्री शाह सम्बोधनका लागि संसद्मा आउने जानकारी गराउनुभएको थियो।

सभामुख अर्यालले पनि प्रधानमन्त्री वालेन्द्र शाह छिट्टै सदनमा आउने जानकारी गराउनुभएको थियो । सत्ता पक्ष र विपक्षीको त्यो समझदारीपछि यही जेठ १५ गते दुवै सदनको संयुक्त बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेको बजेट प्रस्तुत गर्नुभएको थियो। रासस

## कूटनीतिक माध्यमबाट सीमा समस्या समाधान गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता

काठमाण्डु। प्रधानमन्त्री वालेन्द्र शाहले भारतसँगका सीमासम्बन्धी समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) की सांसद पद्मा अर्यालले भारत र चीनले नेपाली भूमि लिपुलेक भएर व्यापार गर्न सडक निर्माणलगायत संरचना बनाएको सन्दर्भमा प्रतिनिधिसभाको आइतबारको बैठकमा गर्नुभएको प्रश्नको जवाफमा प्रधानमन्त्रीले उक्त जवाफ दिनुभएको हो।

प्रधानमन्त्रीले नेपाल र भारतबीचको सीमा विवादमा इतिहासविद्सहितको संलग्नतामा समाधानको प्रयत्न भएको सदनलाई जानकारी दिँदै सम्बन्धितसँग बसेर वार्ताबाट निकास खोजिने जानकारी दिनुभयो । यस विषयमा बेलायत सरकासँग पनि छलफल गर्नुपर्ने प्रधानमन्त्री शाहले बताउनुभयो।

"नेपाली भूमि लिपुलेक, लिम्पियाधुरा कालापानी क्षेत्रको भूभागका सम्बन्धमा नेपाल सरकारले औपचारिक रूपमा कूटनीतिक 'नोट' भारत सरकारलाई पठाइसकेको छ। त्यसको जवाफ पनि आएको छ। त्यो जवाफमा दुवै सरकारले आफ्ना इतिहासविद्, 'सर्भेयर' र आफ्नो भूमिसम्बन्धी जानकारी भएका व्यक्ति राखेर संवादमार्फत यस कुरालाई समाधान गर्ने कुरा भएको छ," प्रधानमन्त्री शाहले भन्नुभयो, "यस सम्बन्धमा भारत र चीनलाई मात्रै नभएर इङ्ल्याण्ड सरकारसँग पनि कुरा गरेका छौँ । ब्रिटिस इन्डियाले भारत छाडेको समयका समस्या अहिलेसम्म हाम्रोमा भइरहेको हुँदा यसमा इङ्ल्याण्डले पनि सरोकार राख्नुपर्छ भन्ने हाम्रो मान्यता हो । यी सबै कुरा टेबल टक डिप्लोमेटिक हिसाबले भएर समाधान हुने जानकारी गराउँछु।"

सांसदले राख्नुभएको धेरैजसो कुरालाई सल्लाह र सुझावका रूपमा लिने बताउँदै प्रधानमन्त्री शाहले नेपाली कांग्रेसका सांसद अर्जननर सिंह केसीले राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन मात्र नभएर विभिन्न कालखण्डमा भएका आन्दोलनका प्रतिवेदन कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

"विभिन्न कालखण्डमा भएका आन्दोलनको सम्बन्धमा धेरै प्रतिवेदन छन्। एउटा मात्रै प्रतिवेदन छैन। विभिन्न कालखण्डमा विभिन्न आयोग गठन भएका छन्। आजसम्म नेपाल सरकारलाई बुझाइएको जति पनि आयोगका प्रतिवेदनहरू छन् ती सबै प्रतिवेदनलाई एकमुष्ट नेपाल सरकारले अध्ययन गर्छ, त्यही अनुसार कामकारबाही गर्छ।"रासस

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



काठमाण्डु। प्रतिनिधिसभाका सांसदहरुले अविरल वर्षाका कारण जनतामा परेको समस्या, महँगी र बेरोजगारीलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकको शून्य समय सांसद वासना थापाले बजेटले कर्णालीवासीको शिक्षा, स्वास्थ्य, बेरोजगारीको समस्यालाई प्राथमिकता दिन नसकेको भन्दै गुनासो गर्नुभयो।

सांसद विश्वराज पोखरेलले बजेटमा रु दुई करोड लगानी गरी कृषि व्यवसाय सुरु गर्ने किसानलाई ४० प्रतिशतसम्म अनुदान दिने व्यवस्था स्वागतयोग्य भएको बताउनुभयो। उहाँले ग्रामीण क्षेत्रका किसानका लागि रु दुई करोड अत्यन्त ठूलो लगानी हुन सक्ने बताउनुभयो।

सांसद बुद्धरत्न महर्जनले ललितपुरको गोदावरी नगरपालिका वडा नं ८ डुकुछाप (रिङरोडबाट करिब ११ किलोमिटर) दूरीमा रहेको सडकमा आज पनि जीर्ण सडक र पुल निर्माण हुन नसक्दा जनताले सास्ती भोग्नुपरेको बताउनुभयो।

सांसद भारतकुमार स्वाँरले आगामी आवको बजेटले सेती लोकमार्गको २५९ किलोमिटर, टीकापुरदेखि ताक्लाकोट मानसरोवरलाई राष्ट्रिय गौरवको योजनामा समावेश गर्न माग गर्नुभयो। सांसद भरतबदादुर खड्काले २०७९ सालमा गएको भूकम्पका कारण डोटी जिल्लाका पूर्वीचौकी गाउँपालिकालगायत केही ठाउँमा धनजनको क्षति भएको उल्लेख गर्दै अहिले पनि त्यस गाउँपालिकाका जनताको घरवारविहीन रहेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

> "सिङ्गो दलित समुदायभित्र पनि मधेसी दलित समुदायका बालबालिका अप्ठ्यारो र विकराल अवस्थामा छन्, उनीहरुलाई पनि आवासिय विद्यालयको व्यवस्था गर्नुपर्छ ।"

सांसद भूमिका श्रेष्ठले धनकुटाको सहिदभूमि गाउँपालिकामा हुरीका कारण पुल भाँचिदा विद्युत् सेवा पटकपटक अवरुद्ध भएको भन्दै समस्या समाधान गर्नुपर्ने धारणा राख्नुभयो।

सांसद मनमाया विकले गरिबीका कारण दलित समुदाय शिक्षाबाट बञ्चित हुनुपरेको बताउनुभयो। उहाँले भन्नुभयो, "सिङ्गो दलित समुदायभित्र पनि मधेसी दलित समुदायका बालबालिका अप्ठ्यारो र विकराल अवस्थामा छन्, उनीहरुलाई पनि आवासिय विद्यालयको व्यवस्था गर्नुपर्छ।"

सांसद भरत गिरी, भूमिका लिम्बू सुब्बा, भीमकुमार बुढामगर, विदुसी राणा, बलावती शर्मा, मनिष खनाल, महेन्द्रबहादुर शाही, मातृकाप्रसाद यादव, माधवबहादुर थापा, मोहन आचार्य, मोहन लाल आचार्य, यशोधा कुमारी, यज्ञबहादुर बोगटी, यज्ञमणि न्यौपाने, युवराज दुलाल, रचना खतिवडा खत्री, रजनी श्रेष्ठ, रञ्जु न्यौपाने, रमेशकुमार मल्ल, रमेश प्रसाईं, रहबर अन्सारी, राजकिशोर महतो, राजीव खत्री, राधिका रम्तेल, रिना उप्रेती, रुकेश रञ्जीत, रिमा विश्वकर्मा, राम लामा, रुक्मिणी देवी कोइराला, रेखाकुमार यादव, रेणुका काउचा र मदनकृष्ण श्रेष्ठले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो। रासस

# प्राविधिक शिक्षा पढ्ने विद्यार्थीलाई छात्रवृत्ति दिने मुख्यमन्त्री बानियाँको भनाइ



चितवन । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सिमान्तकृत समुदायका जेहनदार विद्यार्थीलाई प्रदेश सरकारले छात्रवृत्ति दिएर चिकित्सा तथा इञ्जिनियरिङ शिक्षा पढाउने बताउनुभएको हो।

नेपाल चिकित्सक सङ्घ केन्द्रीय समितिले आइतबार यहाँ आयोजना गरेको अल नेपाल मेडिकल कन्फ्रेन्स 'एनएमए कन २०२६' को उद्घाटन कार्यक्रममा उहाँले बागमती प्रदेश सरकारले सिमान्तकृत समुदायका विपन्न विद्यार्थीलाई निःशुल्क प्राविधिक शिक्षा अध्ययन गर्ने वातावरण बनाउन लागेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यस समुदायका विद्यार्थीले प्रवेश परीक्षामा नाम निकालेर आर्थिक अभावका कारण पढाइ रोकिँदैन।"

चिकित्सकीय सेवा महत्वपूर्ण भएको भन्दै मुख्यमन्त्री बानियाँले चिकित्सक मानव रुपी भगवान् हुने भएकाले यस क्षेत्रमा सक्षम र दक्ष जनशक्ति उत्पादन हुनुपर्नेमा जोड दिनुभयो । उहाँले इमानदार भई निरन्तर काममा खटिन चिकित्सकलाई आग्रह गर्नुभयो। सङ्घले पेसागत हकहितका लागि काम गरिरहेको भन्दै मुख्यमन्त्री बानियाँले प्रशंसा गर्नुभयो। बागमती प्रदेश सरकारले १३ जिल्लाका प्रदेशस्तरका अस्पतालमा आधुनिक उपकरण जडान गरी उच्चतम सेवा प्रवाह गर्ने योजना बनाइरहेको बताउँदै उहाँले यसमा सरोकार भएका निकायको साथ र समन्वयको आवश्यकता औँल्याउनुभयो । भक्तपुर अस्पतालमा 'रोवटिक सर्जरी' र हेटौँडामा 'क्याथल्याब'समेत जडान गरी थप विशेषज्ञ सेवा दिन लागिएको मुख्यमन्त्री बानियाँले जानकारी दिनुभयो।

बागमती प्रदेशका गरिबी सहरी विकासमन्त्री विनु रायमाझी र भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले स्वास्थ्य क्षेत्रको उन्ननयका लागि चिकित्सकले महत्वपूर्ण काम गरिरहेकाले उच्च प्रशंसा गर्नुभयो।

डा अनिलविक्रम कार्की अध्यक्ष रहेको यसअघिको कार्यसमितिले आजै डा बद्री रिजालको नवनिर्वाचित कार्यसमितिलाई पद हस्तान्तरणसमेत गरेको थियो। पद हस्तान्तरणसँगै निर्वतमान अध्यक्ष कार्की, नवनिर्वाचित अध्यक्ष रिजाल, चिकित्सक सङ्घ चितवनका अध्यक्ष डा उमेश नेपाललगायतले चिकित्सकका समस्याका र समाधानका विषयमा आ-आफ्ना धारणा राख्नुभयो । सो अवसरमा सङ्घमा रहेर विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनेलाई सम्मान एवं पुरस्कृत गरिएको थियो।

शनिबारदेखि सुरु भएको सङ्घको आफ्नो ३० औँ सम्मेलन (कन्फ्रेन्स) बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा आज सकिँदै छ । कार्यक्रममा भारत र चीनसहित नेपालभरबाट ३५० जना सहभागी छन् । सम्मेलनमा प्राथमिक स्वास्थ्य सेवा सुधार, डिजिटल हेल्थ, ग्रामीण स्वास्थ्य पहुँच, स्वास्थ्य बिमा र मानव संशाधन व्यवस्थापन जस्ता विषयमा विशेष सत्रहरू सञ्चालन गरिएको थियो।

हरेक दुई/दुई वर्षमा हुँदै आएको यो कार्यक्रम १२ वर्षयता तीन/तीन वर्षमा गर्न थालिएको हो। नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका पहुँच, गुणस्तर र लागतसम्बन्धी चुनौतीलाई समाधान गर्न नवप्रवर्तनलाई केन्द्रमा राखेर छलफल गरिएको छ। सम्मेलनमा संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य अधिकारलाई कसरी सुदृढ बनाउने छ। रासस

# सुर्तीजन्य पदार्थको सेवन त्याग्न मन्त्री मेहताको आग्रह



काठमाण्डु । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले सुर्तीजन्य पदार्थको सेवन त्याग्न आग्रह गर्नु भएको छ।

'विश्व सुर्तीजन्य पदार्थरहित दिवस' का सर्न्दशमा आइतबार सन्देश जारी गर्दै उहाँले सुर्तीजन्य पदार्थको प्रयोगकर्ताहरूलाई आजैबाट यसलाई त्याग्न सङ्कल्पका लागि आग्रहसमेत गर्नुभयो।

सन्देशमा मन्त्री मेहताले भन्नुभएको छ,"सुर्तीजन्य पदार्थको लत त्याग्ने प्रयास सुरुमा कठिन हुन सक्छ, तर दृढ इच्छाशक्ति परिवारको साथ र स्वास्थ्यकर्मीको सही परामर्शले यो पूर्णरूपमा सम्भव छ।"

मन्त्री मेहताले आधुनिक र फरक देखिने नाममा भेप र हुक्काजस्ता कुनै पनि हानिकारक पदार्थको प्रयोग र प्रलोभनमा नपर्न पनि आग्रह गर्नुभएको छ। सुर्तीजन्य पदार्थ वा भेपको लतबाट मुक्त हुन चाहनेका लागि मन्त्रालयले सहयोग र परामर्श उपलब्ध गराउनेसमेत उहाँले उल्लेख गर्नुभयो।

मन्त्री मेहताले इ–सिगरेट, भेप हुक्कामा परम्परागत सुर्तीजन्य पदार्थमा जस्तै हानिकारक निकोटिन र विशाक्त तत्व हुने भएकाले कुनै भ्रममा नपर्न पनि अनुरोध गर्नुभएको छ । "सुर्तीजन्य पदार्थको प्रयोग एक गम्भीर जनस्वास्थ्य चुनौती बनिरहेको छ । पछिल्लो तथ्याङ्कअनुसार नेपालमा करिव २९ प्रतिशत मानिस सुर्तीजन्य पदार्थको सेवन गरिरहेका छन्", सन्देशमा भनिएको छ,"देशमा हरेक वर्ष ३९ हजारभन्दा बढी मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने तथ्याङ्क अत्यन्त दुःखद र सबैका लागि चिन्ताको विषय हो । त्यसैले यसको लत छोड्न आग्रह छ।"

मन्त्री मेहताले किशोर किशोरीलाई लक्षित गरी सुर्ती उद्योगले अपनाएका नयाँ रणनीतिहरू चुनौतीका रूपमा रहेका भन्दै उद्योगलाई मानव स्वास्थ्यमा गम्भीर बन्न आग्रह गर्नुभएको छ । उहाँले सन्देशमा भन्नुभएको छ, "विभिन्न स्वादमा पाइने, हेर्दा आकर्षण र आधुनिक देखिने सुर्तीजन्य तथा निकोटिनयुक्त उत्पादनलाई सामाजिक सञ्जालमार्फत भ्रमपूर्ण बजारीकरण गर्ने काम भइरहेको छ, जसले समस्यालाई झनै गम्भीर बनाएको छ । अब यस्तो नगरौँ । सुर्तिजन्य पदार्थको उपभोगलाई निरुत्साहित गर्न लागौँ।"

मन्त्री मेहताले सुर्तीजन्य पदार्थका विद्यमान चुनौतीको समाना गर्न सरकारले नियन्त्रण र नियमनसम्बन्धी कानुन व्यवस्थापनको प्रभावकारी कार्यान्वयन विशेष जोड दिएको बताउनुभएको छ।

नेपालमा आइतबार 'सुर्तीजन्य पदार्थ र निकोटिनका नयाँ रूपको भ्रम चिरौँ; कुलतबाट टाढा बसौँ, स्वस्थ जीवन रोजौँ' भन्ने नाराका साथ विभिन्न कार्यक्रम गरी दिवस मनाइँदैछ।रासस


**शारदा डिस्टिलरी प्रा.लि.**

**गोलबजार न.पा.–९ (सिरहा)**

**फोन नं.: ०३३–५५००३५, ५५००२७**

**मूल्य सूची**

प्रकाशित मिति : २०८३।०२।१७

यस उद्योगबाट उत्पादित ५० यू.पी. शक्तिको मदिरा आ.व. २०८३।२०८४ सालका लागि संसोधित मूल्य प्रकाशित भएको मिति देखि लागु हुने गरी अर्को मूल्य सुचि प्रकाशित नहुन्जेल सम्म निम्न बमोजिमको मूल्यमा बिक्री वितरण हुने हुदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ब्राण्डको नाम | मि.लि. लिटर | यू.पी. V/V शक्ति | वितरक मूल्य मू.अ.क. समेत Ex factory | वितरक कमिशन मू.अ.क. समेत | डिलर मूल्य मू.अ.क. समेत | डिलर कमिशन मू.अ.क. समेत | थोक मूल्य मू.अ.क. समेत | थोक बिक्रेताकमिशन मू.अ.क. समेत | खुद्रा बिक्रेता मुल्य मु.अ.क. समेत | खुद्रा बिक्रेताकमिशन मू.अ.क. समेत | उपभोक्ता मुल्य मु.अ.क. समेत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | प्रति कार्टुन | प्रति बोतल |
| 1 | Sahasi premium | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 2 | Sahasi Dudhiya | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 3 | Sahasi Extradry | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.00 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 4 | Chansller premium | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 5 | Chansller Dudhiya | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 6 | Chansller Extradry | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 7 | Sahasi premium extradry | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 8 | Chansller premium Extradry | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 9 | Fauji Extra fine | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 10 | Jameen xxx | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 11 | Jameen premium Extradry | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 12 | Jameen Dudhiya best quality | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 13 | Surahi xxx | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 14 | Surahi dudhiya best quality | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 15 | Surahi premium extradey | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 16 | Chansler black label | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 17 | Chansler | 180 ml | 50 up | 5999.17 | 45.20 | 6044.37 | 135.60 | 6179.97 | 135.60 | 6315.57 | 216.96 | 6532.53 | 136.09 |
| 18 | Sahasi apple | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |
| 19 | Target $ target apple | 180 ml | 50 up | 6215.00 | 45.20 | 6260.20 | 135.60 | 6395.80 | 135.60 | 6531.40 | 216.96 | 6748.36 | 140.59 |

**नोटःढुवानी खर्च वाहेक**

**रेक्टिफाइड स्प्रीटः अन्तःशुल्क र मु.अ.कर बाहेकको : १३०।०० डिनेचर्ड स्प्रीटः ३५।००**

# अमेरिकासँग आफ्नो अधिकार सुरक्षित नभएसम्म कुनै सम्झौता नगर्ने इरानको अडान

एएफपी

तेहरान । अमेरिकाले इरानलाई कडा शान्ति प्रस्ताव फिर्ता पठाएको रिपोर्टहरू बाहिर आएपछि इरानी वार्ता टोलीका प्रमुख वार्ताकारले आइतबार तेहरान संयुक्त राज्य अमेरिकासँग जस्तोसुकै सम्झौतामा पनि सहमत हुन नसक्ने बताउनुभएको छ ।

प्रस्तावमा कुनै पनि परिवर्तनले मध्यपूर्व युद्धलाई औपचारिक रूपमा अन्त्य गर्ने र स्ट्रेट अफ हर्मुजको जलमार्गलाई पुनः खोल्ने सम्झौतालाई थप ढिलाइ गर्न सक्छ ।

न्यूयोर्क टाइम्स र एक्सियोसले अमेरिकी स्रोतलाई उद्धृत गर्दै शनिबार लेखेका छन्, "ट्रम्पले 'कडा' सर्तहरू साथ इरानलाई नयाँ ढाँचा फिर्ता पठाउनुभएको छ । यद्यपि विस्तृत विवरण खुलाइएको छैन ।

सरकारी टेलिभिजनमा प्रसारण गरिएको भिडियोमा मोहम्मद बाघर गालिबाफले भन्नुभएको छ, "इरानी जनताको अधिकार सुनिश्चित नभएसम्म हामी कुनै पनि सम्झौतालाई अनुमोदन गर्दैनौं ।"

ट्रम्पले आफ्ना प्राथमिकताहरूमा इरानलाई कुनै पनि आणविक हतियार विकासबाट रोक्ने र नाकाबन्दी गरिएको हर्मुजको जलमार्गलाई पुनः खोल्नुपर्ने रहेको बताउनुभएको छ।

उहाँले भन्नुभयो, "मलाई इरानले एउटा सुनिश्चितता यो गरेको छ कि उनीहरूसँग यस्ता आणविक हतियार हुनेछैनन् । उनीहरू



यसमा सहमत भएका छन्, र यो धेरै अनौठो कुरा भएको छ," उहाँले शनिबार राति फक्स न्यूजको कार्यक्रममा प्रसारित एक अन्तर्वार्तामा भन्नुभयो ।

तेहरानले यसअघि ट्रम्पको भनाइमा शङ्का व्यक्त गर्दै आएको छ र दुई पक्षहरू मुख्य विवादका मुद्दाहरूबाट टाढा छन्।

इरानले आफ्नो आणविक कार्यक्रमका बारेमा ठोस वार्तामा संलग्न हुनुअघि रोक्का गरिएको १२ अर्ब डलर बराबरको सम्पत्ति जारी गर्नुपर्ने बताएको छ ।

तेहरानले पनि जारी लडाइँको बाबजुद लेबनानलाई कुनै पनि सम्झौतामा समावेश गर्ने कुरालाई जोड दिएको छ । इजरायलले इरान समर्थित हेजबुल्लाहबिरूद्ध अभियान विस्तार गरेपछि बेरुतले उसलाई 'विनासको नीति' अबलम्बन गरेको आरोप लगाएको छ ।

यसअघि सम्झौता नजिकिँदै आएको सङ्केत दिएपछि ट्रम्पले फक्ससँगको अन्तर्वार्तामा नयाँ सैन्य कारबाही हसनसक्ने तर हतार नगरिने सङ्केत गर्नुभएको थियो ।

"मलाई कुनै हतार छैन," ट्रम्पले भन्नुभयो, "यदि हामीले चाहेको कुरा पाएनौं भने, हामी फरक तरिकाले अन्त्य गर्नेछौं ।

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका प्रमुख पिट हेगसेथले शनिबार एसियामा भएको रक्षा सम्मेलनमा वासिङ्टन आवश्यक परेको खण्डमा युद्ध पुनः सुरु गर्न 'आवश्यकताभन्दा बढी सक्षम' रहेको बताउनुभएको थियो । गत अप्रिलमा तेहरान र वासिङ्टनले अस्थायी युद्धविराम गरेपछि र पाकिस्तानको मध्यस्थतामा वार्ता भएपछि इरान र खाडीमा दैनिक आक्रमणहरू रोकिए पनि छिटपुट लडाइँ जारी छ।

यसैबीच, इरानको रिभोलुसनरी गार्डले आइतबार इरानको जलक्षेत्रमा प्रवेश गर्न लागेको अमेरिकी ड्रोन खसालेको जनाएको छ ।

यसै हप्ताको सुरुवातमा इरानको बन्दर अब्बासस्थित बन्दरगाहमा अमेरिकी सेनाले आक्रमण गरेपछि युद्धविरामपछिको सबैभन्दा खराब द्वन्द्व सुरु भएको थियो ।

जे होस्, कूटनीतिक नीतिले ट्रम्पलाई एक सम्झौता सुरक्षित गर्न दबाबमा राखेको छ जसले स्ट्रेट अफ हर्मुज वरपरको प्रतिस्पर्धात्मक अमेरिका र इरानको नाकाबन्दी हटाउनेछ, जसले विश्वव्यापी तेल आपूर्तिको लागि महत्त्वपूर्ण मार्गको आवागमन रोकेको छ।

ट्रम्पले कुनै पनि सम्झौताअन्तर्गत उक्त जलसन्धि भएर जान सक्ने पानीजहाजमा इरानले कुनै शुल्क नलिने बताएपछि इरानी समाचार एजेन्सी फार्सले स्रोतलाई उद्धृत गर्दै भनेको छ, "त्यस्तो कुनै प्रावधान सम्भावना छैन।"

इरानको समाचार संस्था (आइएसएनए) ले सांसद अलिरेजा सलिमीलाई उद्धृत गर्दै नियन्त्रित जलक्षेत्रमा इरानको व्यवस्थापन र सार्वभौमिकता कार्यान्वयन गर्ने योजना छिट्टै संसदमा पेश गरिने बताएको छ ।

# नेपाल 'ए' बाहिरियो




काठमाण्डु । ३२ औं उतराखण्ड गोल्ड कपको दोस्रो खेलमा नेपाल 'ए' गोवा क्रिकेट एसोसिएसनसँग ३ विकेटले पराजित हुँदै समूह चरणबाट बाहिरिएको छ। नेपाल 'ए' को यो लगातार दोस्रो हार हो।

राजीव गान्धी अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा भएको खेल वर्षाको कारण ३४ ओभरमा घटाइएको थियो। जहाँ जितको लागि २ सय ११ रनको लक्ष्य गोवाले ३३.४ ओभरमा ७ विकेटको नोक्सानीमा पूरा गर्यो।

ओपनर भीत यादव र कप्तान स्नेहल कौथान्करले पहिलो विकेटको लागि ५१ रनको साझेदारी गरे। स्नेहल २३ रनमा पवन सर्राफको बलमा आउट भए। लगत्तै अविनव तेज राना १६ रनमा आउट भए।

यसपछि भीर र ललित यादवले तेस्रो विकेटको लागि ९० रनको महत्वपूर्ण साझेदारी गर्दै जितलाई सहज बनाए। ललित ४२ रन जिडेर युवराज खत्रीको बलमा एलबिडब्लु धरापमा परे।

क्रिजमा जमेका ओफनर भीरलाई युवराजले नै पबिलियनको बाटो देखाइदिए। उनले ९१ बल खेल्दै ४ चौका र ४ छक्का प्रहार गर्दै ८० रनको महत्वपूर्ण पारी खेले। यसपछि दीपराज गावनकारले १६ र मोहित रेडकर अविजित ९ रनमा रहँदै गोवालाई जित दिलाए।

नेपाल एका लागि बलिङमा युवराजले २ विकेट लिंदा ललित नारायण राजवंशी, देव खनाल, बसिर अहमद, पवन र हेमन्त धामीले समान १ विकेट झारे।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपाल 'ए' ले ३४ ओभरमा ९ विकेट गुमाउँदै २ सय १० रन बनायो। नेपालले सानदार सुरूवात गर्यो । ओपनर त्रितराज दास र अर्जुन कुमालले पहिलो विकेटको लागिशतकीय साझेदारी गरे। २३ औं ओभरको पहिलो बलमा १ सय ४९ रनको साझेदारी गर्दै अर्जुन पहिलो विकेटको रूपमा आउट भए।

अर्धशतक बनाएका उनले ५७ बलबाट ६ चौकाको मद्दतले ५३ रन बनाए। लगत्तै अर्को बलमा देव खनाल डक आउट भए। यसपछि लगातर नेपालले विकेट गुमायो। त्रितले भने धर्यतापूर्वक ब्याटिङ गर्दै शतक प्रहार गरे। उनले ८६ बल खेल्दै ९ चौका र ३ छक्का प्रहार गर्दै १ सय ४ रनको पारी खेले।

त्रित र अर्जुन बाहेक अन्य खेलाडी क्रिजमा टिक्न सकेनन्। बसिरले १९ र रसिद खानले १४ रन बनाए। अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्।

बलिङमा दीपराज गोवानकर नायक बने। उनले ७ ओभर बलिङ गर्दै ३७ रन दिएर ६ विकेट लिए। हिजो केरेलासँग नेपाल 'ए' १५ रनले हारेको थियो। रासस

# आर्थिक सङ्कटबीच श्रीलङ्काले इन्धनको मूल्य बढायो



एएफपी

कोलम्बो । श्रीलङ्काले आइतबार पेट्रोल र डिजेलको मूल्य करिब छ प्रतिशतसम्म बढाएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को आर्थिक सुधार योजनाअनुसार इन्धनको लागत अनुसार मूल्य समायोजन गर्ने र सरकारी अनुदान क्रमशः हटाउने उद्देश्यले यो निर्णय गरिएको हो ।

राज्य सञ्चालित इन्धन कम्पनीका अनुसार पेट्रोलको मूल्य ४१० रुपैयाँबाट बढेर ४३४ रुपैयाँ प्रति लिटर पुगेको छ । त्यस्तै डिजेलको मूल्य ३९२ रुपैयाँबाट बढेर ४०७ रुपैयाँ प्रति लिटर कायम गरिएको छ ।

यो मूल्य वृद्धि आईएमएफले श्रीलंकालाई दिइएको २.९ अर्ब डलरको राहत प्याकेजअन्तर्गत ६९५ लाख डलरको अर्को किस्ता जारी गरेको केही दिनपछि आएको हो । सन् २०२३ को सुरुमा सुरु भएको यो कार्यक्रमले आर्थिक संकटमा परेको देशलाई स्थिर बनाउने लक्ष्य राखेको छ ।

आईएमएफले श्रीलंकालाई इन्धन र विद्युत् दुवै क्षेत्रमा लागत अनुसार मूल्य समायोजन गर्न दबाब दिँदै आएको छ । सरकारले ऊर्जा क्षेत्रमा दिइँदै आएको अनुदान हटाउने प्रक्रिया अघि बढाउने बताएको छ ।

राष्ट्रपति अनुरा कुमार दिसानायकेले आईएमएफलाई पठाएको पत्रमा सेप्टेम्बर महिनासम्म इन्धन अनुदान पूर्ण रूपमा हटाइने उल्लेख गर्नुभएको छ ।

विश्लेषकहरूका अनुसार फेब्रुअरी २८ पछि मध्यपूर्वमा देखिएको तनावका कारण ऊर्जा आपूर्तिमा असर परेको छ, जसले श्रीलंकाको आयातमा निर्भर अर्थतन्त्रलाई थप दबाबमा पारेको छ ।

श्रीलंकाले आफ्नो सम्पूर्ण इन्धन आयात गर्छ र विद्युत् उत्पादनका लागि कोइलामा पनि निर्भर छ । सन् २०२२ मा देशले ४६ अर्ब डलर विदेशी ऋण तिर्न नसकेर आर्थिक डिफल्ट गरेको थियो । त्यसयता आईएमएफको सहयोगमा अर्थतन्त्र स्थिर बनाउने प्रयास जारी छ ।

# इरानतर्फ जाँदै गरेको मालवाहक जहाजमाथि अमेरिकी क्षेप्यास्त्र प्रहार

एपी

वासिङ्टन । अमेरिकी सेनाले इरानका बन्दरगाहहरूमा लगाएको नाकाबन्दी तोडेर प्रवेश गर्न खोजेको एउटा मालवाहक जहाजलाई रोक्न त्यसको इन्जिन कक्षमा क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ ।

अमेरिकी केन्द्रीय कमाण्डका अनुसार गाम्बियाको झण्डा बोकेको एक मालवाहक जहाजले इरानको बन्दरगाहमा प्रवेश गर्ने प्रयास गर्दा अमेरिकी सेनाले २० भन्दा बढी चेतावनी दिएको थियो। चेतावनीलाई बेवास्ता गरेपछि जहाजको इन्जिन क्षेत्रमा क्षेप्यास्त्र प्रहार गरिएको बताइएको छ ।

हाल उक्त जहाज ओमानको खाडी क्षेत्रमा चल्न नसक्ने अवस्थामा रहेको छ । अमेरिकी सेनाले अझै जहाजमा चढेर नियन्त्रणमा लिएको छैन ।

अमेरिकी सेनाका अनुसार नाकाबन्दी सुरु भएयता इरानतर्फ जान खोजेका ६ वटा जहाजलाई रोकिएको छ । तीमध्ये एउटा



जहाजलाई पछि अगाडि बढ्न अनुमति दिइएको थियो भने ११६ वटा जहाजलाई आफ्नो मार्ग परिवर्तन गर्न बाध्य पारिएको छ ।

अमेरिकाले अप्रिल १७, २०२६ मा इरानमाथि समुद्री नाकाबन्दी लागू गरेको थियो । यो कदम इरानले होर्मुज जलडमरूमध्य क्षेत्रमा आवागमन प्रभावकारी रूपमा बन्द गरेपछि चालिएको थियो । मध्यपूर्वमा युद्ध फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको थियो ।

हाल अप्रिल ७ मा भएको युद्धविराम कायम रहेको छ । तर इरानको आणविक कार्यक्रमबारे वार्ता गर्न युद्धविराम थप ६० दिन लम्ब्याउने विषयमा छलफल भइरहेको छ ।

होर्मुज जलडमरूमध्य विश्वको सबैभन्दा महत्वपूर्ण तेल ढुवानी मार्गमध्ये एक हो । त्यहाँको तनावका कारण तेल, प्राकृतिक ग्यास र मलजस्ता वस्तुको आपूर्तिमा असर परेको छ, जसले विश्व अर्थतन्त्र र उपभोक्ताहरूलाई दबाबमा पारेको छ ।

अमेरिकाले लगाएको नाकाबन्दीको उद्देश्य इरानको व्यापार र तेल निर्याततलाई सीमित गर्दै उसको अर्थतन्त्रमा थप दबाब सिर्जना गर्नु रहेको बताइएको छ ।

# समुद्री मार्ग व्यवस्थापनमा अमेरिकी हस्तक्षेप अस्वीकार्य : आईआरजीसी

सिन्ह्वा

लन्डन। इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आईआरजीसी) नौसेनाले होर्मुज जलडमरूमध्यको व्यवस्थापनमा अमेरिकाले कुनै पनि प्रकारको हस्तक्षेप गरेमा 'कडा सैन्य प्रतिक्रिया' दिने चेतावनी दिएको छ ।

आईआरजीसी नौसेनाले सार्वजनिक समुद्री रेडियो च्यानलमार्फत जारी गरेको सन्देशमा फारसको खाडी र ओमानको खाडीमा सञ्चालन भइरहेका जहाजहरूलाई सम्बोधन गर्दै होर्मुज जलडमरूमध्य हाल बन्द रहेको र त्यहाँबाट आवतजावत केवल इरानी अधिकारीहरूको अनुमति र तोकिएको मार्गमार्फत मात्र सम्भव हुने जनाएको छ ।

उक्त चेतावनीमा नियम उल्लङ्घन भएमा समुद्री सुरक्षा गम्भीर रूपमा प्रभावित हुने उल्लेख गरिएको छ । साथै, अमेरिकाको नौसेनाले जलडमरूमध्यको व्यवस्थापनमा हस्तक्षेप गर्ने वा समुद्री आवागमन अवरुद्ध गर्ने कुनै पनि प्रयास गरेमा कडा सैन्य कारबाही हुने स्पष्ट चेतावनी दिइएको छ ।

यसैबीच, समुद्री स्रोतसम्बन्धी एक अन्तर्राष्ट्रिय



निकायमार्फत जारी सूचनामा होर्मुज क्षेत्रको स्थिति संवेदनशील रहेको र इरानी बन्दरगाहमा प्रवेश वा बहिर्गमन गर्न निषेध गरिएको जनाइएको छ ।

त्यस्तै, सोही क्षेत्र नजिक रहेका जहाजहरूका चालक दलले सार्वजनिक समुद्री रेडियो च्यानलमार्फत अमेरिकी सैन्य विमानले एक जहाजलाई तत्काल मार्ग परिवर्तन गर्न चेतावनी दिएको र त्यसको गतिविधि निगरानीमा राखिएको जानकारी दिएका छन् ।

यस घटनाले होर्मुज जलडमरूमध्यमा तनाव थप बढेको देखिएको छ, जुन विश्वकै सबैभन्दा महत्वपूर्ण ऊर्जा आपूर्ति मार्गमध्ये एक मानिन्छ ।

# 'शेन्झोउ-२१' अभियान सफल, तीन अन्तरिक्षयात्री सकुशल पृथ्वीमा फिर्ता

सिन्ह्वा

बेइजिङ । चीनको 'शेन्झोउ-२१'अन्तरिक्षअभियानमा सहभागी तीन अन्तरिक्षयात्री झाङ लु, वु फेई र झाङ होङझाङ २१० दिनको सफल अन्तरिक्ष बसाइ सम्पन्न गरी शनिबार सकुशल बेइजिङ आइपुग्नुभएको छ ।

उहाँहरू शुक्रबार साँझ सुरक्षित रूपमा पृथ्वीमा अवतरण गर्नुभएको थियो। अन्तरिक्षमा लामो समय बिताएर फर्किनुभएका तीनै जना अन्तरिक्षयात्रीहरूको स्वास्थ्य अवस्था राम्रो रहेको चीनको मानवयुक्त अन्तरिक्ष कार्यक्रमसम्बन्धी निकायले जनाएको छ । साथै, शेन्झोउ-२१ अन्तरिक्ष अभियान पूर्ण रूपमा सफल भएको पनि पुष्टि गरिएको छ ।

अभियानका क्रममा उहाँहरूले अन्तरिक्ष केन्द्रमा रहेर विभिन्न वैज्ञानिक अनुसन्धान, प्राविधिक परीक्षण तथा अन्तरिक्ष केन्द्रको नियमित सञ्चालनसँग सम्बन्धित महत्वपूर्ण जिम्मेवारीहरू सफलतापूर्वक



निर्वाह गर्नुभएको थियो । २१० दिनको अन्तरिक्ष बसाइ चीनको अन्तरिक्ष अनुसन्धान तथा प्रविधि विकासका दृष्टिले महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ ।

पृथ्वीमा फर्किएपछि उहाँहरू केही समय चिकित्सकीय निगरानी तथा क्वारेन्टिनमा बस्नुहुनेछ। यस अवधिमा विस्तृत स्वास्थ्य परीक्षण, शारीरिक अवस्था मूल्याङ्कन तथा आवश्यक पुनःस्थापना प्रक्रिया सञ्चालन गरिने जनाइएको छ । अन्तरिक्षमा लामो समय बिताउँदा शरीरमा पर्न सक्ने प्रभावहरूको अध्ययनसमेत यस क्रममा गरिनेछ ।

सम्बन्धित निकायका अनुसार स्वास्थ्य परीक्षण र विश्राम अवधि सम्पन्न भएपछि उहाँहरूले बेइजिङमा आयोजित पत्रकार सम्मेलनमार्फत आफ्नो अन्तरिक्ष यात्राका अनुभव तथा अभियानका उपलब्धिबारे जानकारी दिनुहुनेछ ।

शेन्झोउ-२१ अभियानको सफल समापनलाई चीनको मानवयुक्त अन्तरिक्ष कार्यक्रमको अर्को महत्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ । यस सफलताले भविष्यका थप उन्नत अन्तरिक्ष अभियान तथा वैज्ञानिक अनुसन्धानका लागि महत्वपूर्ण आधार तयार गरेको विश्वास गरिएको छ ।

# गाजाका क्यान्सरपीडित बालबालिकालाई खेलकुद र मनोरञ्जनमार्फत राहत

सिन्ह्वा

गाजा । युद्ध र रोगको दोहोरो पीडाबाट गुज्रिरहेका गाजाका क्यान्सरपीडित बालबालिकाका लागि शनिबार केही समय खुसी र मनोरञ्जनको वातावरण सिर्जना गरिएको छ । गाजा सहरस्थित अल-रन्तिसी बाल अस्पतालमा स्वयंसेवकहरूले खेलकुद, चित्रकला, अनुहार रङ्ग्याउने तथा विभिन्न मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्दै बालबालिकालाई मानसिक राहत प्रदान गर्ने प्रयास गरेका हुन् ।

यो कार्यक्रम गाजावासीका लागि राहत कार्यमा संलग्न इजिप्टेली सहयोग समितिका मनोसामाजिक सहयोग तथा मनोरञ्जन टोलीद्वारा आयोजना गरिएको थियो । कार्यक्रममा सहभागी बालबालिकाले खेल खेल्नुका साथै गीत, नृत्य र सिर्जनात्मक गतिविधिमार्फत केही समयका लागि रोग र युद्धको तनाव बिर्सने अवसर पाए ।

कार्यक्रममा जोकरको भूमिकामा रहेका स्वयंसेवक सुलेमान अबुदले युद्धका कारण गाजाका बालबालिकाले असाधारण कठिनाइ र त्रास भोग्नुपरेको बताउनुभयो । उहाँका अनुसार यस्ता



बालबालिकालाई उपचार मात्र नभई मानसिक र सामाजिक सहयोग पनि अत्यन्त आवश्यक छ । खेल्न, हाँस्न र आफ्ना भावना व्यक्त गर्न पाउनु उनीहरूको मानसिक स्वास्थ्यका लागि महत्वपूर्ण हुने उहाँले उल्लेख गर्नुभयो ।

बालबालिकाका अभिभावकहरूले पनि यस पहलको प्रशंसा गरेका छन् । क्यान्सर उपचार गराइरहेका एक बालकका अभिभावक इहसान अब्दुल आलले यस्ता कार्यक्रमले बालबालिकालाई केही समयका लागि भए पनि अस्पताल, उपचार र रोगको वातावरणबाट टाढा लैजान मद्दत गर्ने बताउनुभयो ।

युद्धका कारण विस्थापित राफिफ अबु ओदाले आफ्नी १२ वर्षीया छोरी समाहलाई महिनौंपछि यति धेरै खुसी देखेको बताउनुभयो । समाहले स्वयंसेवकहरूसँग गीत गाउन र नाच्न पाउँदा आफू बिरामी भए पनि निकै रमाएको प्रतिक्रिया दिनुभएको छ ।

यो कार्यक्रम गाजामा बढ्दो मानसिक स्वास्थ्य संकटका बीच आयोजना गरिएको हो । दुई वर्षभन्दा लामो समयदेखि जारी द्वन्द्वका कारण त्यहाँका बालबालिका तथा सर्वसाधारण गम्भीर मानसिक तनावको सामना गरिरहेका छन् ।

गाजाको मानसिक स्वास्थ्य अस्पतालका निर्देशक अब्दुल्लाह अल-जमालले अवस्थालाई अत्यन्त गम्भीर र चिन्ताजनक बताउनुभएको छ । उहाँका अनुसार द्वन्द्वका क्रममा गाजाको एकमात्र मानसिक स्वास्थ्य अस्पताल ध्वस्त भएको छ भने औषधि र विशेषज्ञ चिकित्सकको अभावले उपचार सेवा झन् कठिन बनेको छ । क्यान्सरबाट पीडित धेरै बालबालिकाले समयमै रोग पहिचान र उपचारसमेत पाउन नसकेको उहाँले जानकारी दिनुभयो ।

अस्पतालहरूमा भएको क्षति र अत्यावश्यक औषधिको अभावका कारण धेरै बालरोगीहरू किमोथेरापी, स्वास्थ्य परीक्षण तथा आधारभूत उपचार सेवाबाट वञ्चित भएका छन् । यसले सामान्य उपचारबाट निको हुन सक्ने अवस्थासमेत दुःखद परिणामतर्फ धकेलिरहेको बताइएको छ ।

संयुक्त राष्ट्रसंघका अनुसार गाजामा ११ हजारभन्दा बढी क्यान्सरपीडित बिरामीलाई आवश्यक उपचार उपलब्ध गराउन अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको छ ।

विज्ञहरूका अनुसार यस्ता मनोरञ्जनात्मक गतिविधिले गाजाको समग्र मानवीय संकट समाधान गर्न नसके पनि बालबालिकामा देखिएको मानसिक तनाव कम गर्न र उनीहरूलाई केही समयका लागि राहत तथा आनन्दको अनुभूति गराउन महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।



**दमकलबाट पानी वितरण गरिंदै** : उदयपुरको कटारी नगरपालिकामा खानेपानीको मोटर बिग्रिएपछि आइतबार स्थानीयलाई दमकलबाट खानेपानी वितरण गरिँदै । *तस्बिर : रासस*

# दश महिनामा एकतिस अर्ब एकतिस करोडका सवारीसाधन आयात

वीरगञ्ज । चालु आर्थिक वर्षको प्रथम १० महिनामा रु ३१ अर्ब ३१ करोड मूल्यबराबरका सवारीसाधन तथा तिनका पार्टपुर्जा आयात भएका छन् ।

गत आवको सोही अवधिको तुलनामा चालु आवको यो अवधिमा रु नौ अर्ब ६५ करोडले आयात बढेको हो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार सवारीसाधन र पार्टपुर्जाको आयात बढेसँगै चालु आवको १० महिनामा रु २० अर्ब ५२ अर्ब राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु १६ अर्ब ६४ करोड राजस्व सङ्कलन भएको थियो । चालु आवको १० महिनामा रु एक अर्ब २५ करोड बराबरका सवारीसाधनको आयातबाट रु तीन अर्ब १७ करोड राजस्व सङ्कलन भएको छ । यसैगरी, रु सात अर्ब ३२ करोड बराबरका मूल्य पर्ने ५१ हजार ४२३ वटा 'अन एसेम्बल्ड' मोटरसाइकल आयातबाट रु सात अर्ब नौ अर्ब राजस्व असुली भएको छ । रासस



# बुद्ध परिपथ क्षेत्रको विकासका लागि सम्झौता

सिद्धार्थनगर । बृहत्तर लुम्बिनी क्षेत्रलाई अन्तरराष्ट्रियस्तरको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले बुद्ध परिपथ निर्माणका लागि सम्झौता गरिएको छ ।



विश्व बैङ्कको आर्थिक सहयोगमा सञ्चालन हुन लागेको परियोजनाअन्तर्गत पर्यटन पूर्वाधार विस्तार, स्थानीय रोजगारी प्रवर्द्धन तथा गन्तव्य व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्न हालै यहाँका चार स्थानीय तहसँग विकास साझेदारी सम्झौता गरिएको हो ।

सहरी विकास तथा भवन निर्माण विभाग र कपिलवस्तु, लुम्बिनी सांस्कृतिक, रामग्राम तथा देवदह नगरपालिकाबीच परियोजना कार्यान्वयनसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो । सम्झौतामा विभागका महानिर्देशक रवीन्द्र बोहरा तथा सम्बन्धित नगरपालिकाका प्रमुख एवं प्रतिनिधिले हस्ताक्षर गर्नुभएको छ ।

विश्व बैङ्कले बृहत्तर लुम्बिनी क्षेत्रको पर्यटन विकास तथा स्थानीय आर्थिक गतिविधि विस्तारका लागि करिब ८५ मिलियन अमेरिकी डलर (करिब रु १२ अर्ब ६६ करोड) बराबरको ऋण सहयोग उपलब्ध गराउने निर्णय गरिसकेको छ । पाँच वर्ष सञ्चालन हुने परियोजनाअन्तर्गत प्रत्येक नगरपालिकामा करिब रु ४६ करोड बराबरको लगानी गरिने जनाइएको छ ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाका इन्जिनियर आशिषकुमार यादवका अनुसार आगामी आर्थिक वर्षको सुरुआत मै परियोजनाअन्तर्गत पहिलो किस्ताका रूपमा प्रत्येक नगरपालिकामा करिब रु नौ करोड उपलब्ध गराइनेछ ।

परियोजनाको मुख्य लक्ष्य बुद्धसँग सम्बन्धित ऐतिहासिक तथा धार्मिकस्थलको संरक्षण, पर्यटकीय पूर्वाधार निर्माण र स्थानीय समुदायलाई पर्यटनसँग जोडेर आयआर्जनका अवसर सिर्जना गर्नु रहेको छ । परियोजनामार्फत पर्यटक बसाइँ अवधि वृद्धि, स्थानीय उत्पादनको बजारीकरण तथा पर्यटनजन्य सेवा विस्तार गर्ने योजना रहेको जनाइएको छ ।

कपिलवस्तु नगरपालिकाका प्रमुख सुदीप पौडेलले बुद्धको जीवनसँग जोडिएका ऐतिहासिकस्थलको संरक्षण र प्रवर्द्धनबाट अन्तरराष्ट्रिय पर्यटक आकर्षित गर्न सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

परियोजनाअन्तर्गत सम्पदामैत्री पदमार्ग, विश्रामस्थल, सार्वजनिक शौचालय, डिजिटल सूचना बोर्ड, सङ्केत चिह्न, खानेपानी, सरसफाइ तथा ढल व्यवस्थापनका संरचना निर्माण गरिनेछन् । साथै, स्थानीय युवालाई पथप्रदर्शकका रूपमा तालिम दिई रोजगारीका अवसर सिर्जना गर्ने कार्यक्रम पनि समावेश गरिएको छ ।

गन्तव्य विकास र पर्यटन व्यवस्थापनसम्बन्धी काम संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, लुम्बिनी विकास कोष तथा नेपाल पर्यटन बोर्डले समन्वय गर्नेछन् भने भौतिक पूर्वाधार निर्माणको जिम्मेवारी सहरी विकास तथा भवन निर्माण विभागले लिनेछ ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यवाहक प्रमुख कल्पना हरिजनले परियोजनाले लुम्बिनी क्षेत्रमा पर्यटकको बसाइँ अवधि बढाउन र स्थानीय अर्थतन्त्र चलायमान बनाउन महत्त्वपूर्ण योगदान पुग्ने बताउनुभयो ।

पर्यटन व्यवसायीहरूले पनि परियोजनाको प्रभावकारी कार्यान्वयन भए बुद्ध जन्मस्थल लुम्बिनी तथा आसपासका क्षेत्रको पर्यटन विकासमा नयाँ आयाम थपिने विश्वास व्यक्त गरेका छन् । हाल लुम्बिनी मुलुककै प्रमुख पर्यटकीय गन्तव्य भए पनि पर्यटकको बसाइँ अवधि छोटो रहेकाले त्यसलाई बढाउन पूर्वाधार तथा सेवा विस्तार आवश्यक रहेको व्यवसायीको भनाइ छ । रासस

# विश्वभर एक अर्ब ३० करोड मानिस सुर्तीजन्य पदार्थको प्रयोगमा, चार करोड बालबालिका समेत जोखिममा

काठमाण्डु । आइतबार विश्व सुर्तीजन्य पदार्थविरुद्धको दिवस विश्वका विभिन्न देशमा चेतनामूलक कार्यक्रमका साथ मनाईएको छ ।

हरेक वर्ष मे ३१ मा मनाइने यो दिवसको उद्देश्य सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने स्वास्थ्य जोखिम, सुर्ती उद्योगका व्यावसायिक रणनीति, सुर्ती नियन्त्रणका लागि विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले गरिरहेका प्रयास तथा स्वस्थ जीवनयापन र भावी पुस्ताको संरक्षणका लागि आवश्यक कदमबारे चेतना फैलाउनु हो ।



डब्ल्युएचओ सदस्य राष्ट्रहरूले सन् १९८७ मा विश्वव्यापी रूपमा सुर्तीजन्य पदार्थको महामारी तथा यसबाट हुने रोक्न सकिने मृत्यु र रोगप्रति ध्यानाकर्षण गराउन यो दिवसको सुरुआत गरेका हुन्। सन् १९८७ मा विश्व स्वास्थ्य सभाले पारित गरेको प्रस्ताव डब्लुएचए ४०.३८ ले सन् १९८८ अप्रिल ७ लाई ' विश्व धूमपानरहित दिवस'का रूपमा मनाउने निर्णय गरेको थिया`। त्यसपछि सन् १९८८ मा पारित प्रस्ताव डब्लुएचए ४२.१९ अनुसार हरेक वर्ष मे ३१ मा विश्व सुर्तीजन्य पदार्थरहित दिवस मनाउन थालिएको हो ।

डब्ल्युएचओका अनुसार हाल विश्वभर करिब ८८१ अर्ब ३० करोड मानिसले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने गरेका छन् । तीमध्ये अधिकांश निम्न तथा मध्यम आय भएका देशमा बसोबास गर्छन् । पछिल्ला वर्षहरूमा सुर्तीजन्य पदार्थको प्रयोग घट्दै गए पनि अझै विश्वका पाँचमध्ये एक वयस्क कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थको प्रयोगमा संलग्न हुने गरेको छ ।

सुर्तीजन्य पदार्थका कारण हरेक वर्ष ८० लाखभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ, जसमा करिब १२ लाख जनाको मृत्यु निष्क्रिय धूमपानका कारण हुने गरेको छ ।

यस वर्षको दिवसको अवसरमा डब्ल्युएचओले सरकारहरूलाई नयाँ पुस्तालाई सुर्तीजन्य तथा निकोटिनयुक्त उत्पादनको लतबाट जोगाउन विशेष आग्रह गरेको छ । सङ्गठनका अनुसार विश्वभर १३ देखि १५ वर्ष उमेर समूहका कम्तीमा ८८चार करोड बालबालिकाले सुर्तीजन्य पदार्थ प्रयोग गरिरहेका छ भने विद्युतीय चुरोट (ई-सिगरेट) र निकोटिन पाउचको प्रयोग युवा पुस्तामाझ निरन्तर बढिरहेको छ ।

डब्ल्युएचओले सुर्ती तथा निकोटिन उत्पादन गर्ने कम्पनीहरूले आफ्ना उत्पादनलाई अझ आकर्षक, प्रयोग गर्न सहज र छोड्न कठिन बनाउने गरी विकास गरिरहेका जनाएको छ । विशेषगरी स्वादयुक्त ई-सिगरेट, निकोटिन पाउच तथा अन्य निकोटिनजन्य उत्पादनमार्फत तिनले किशोर र युवालाई अम्मली बनाएका सङ्गठनको भनाइ छ ।

डब्ल्युएचओका स्वास्थ्य निर्धारक, प्रवर्द्धन तथा रोकथाम विभागका निर्देशक डा. एटिएन क्रुगले सुर्तीजन्य पदार्थका कारण हरेक वर्ष लाखौँ मानिसको मृत्यु भइरहे पनि ठूला कम्पनीहरूले आफ्नो व्यापारिक रणनीति परिवर्तन गर्दै नयाँ पुस्तालाई निकोटिनको लतमा फसाउने प्रयास गरिरहेको बताउनुभएको छ । उहाँका अनुसार स्वादयुक्त ई-सिगरेट, निकोटिन पाउच र अन्य निकोटिनजन्य उत्पादनको आक्रामक बजार विस्तारले युवापुस्तालाई लक्षित गरिरहेको छ ।

निकोटिन अत्यधिक लत लाग्ने र स्वास्थ्यका लागि हानिकारक पदार्थ भएकाले विशेषगरी मस्तिष्क विकासको चरणमा रहेका बालबालिका, किशोर तथा युवाका लागि यसको असर गम्भीर हुनसक्ने डब्लुएचओले जनाएको छ । हाल विश्वभर १० करोडभन्दा बढी मानिसले ई-सिगरेट प्रयोग गर्ने अनुमान गरिएको छ भने किशोर उमेर समूहमा यसको लोकप्रियता तीव्र गतिमा बढिरहेको छ । डब्ल्युएचआले हालै सार्वजनिक गरेको निकोटिन पाउचसम्बन्धी प्रतिवेदनमा सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिमार्फत यसको व्यापक प्रचारप्रसार भइरहेको उल्लेख गरिएको छ । आकर्षक प्याकेजिङ, मिठाईजस्ता स्वाद तथा जीवनशैलीसँग जोडिएका विज्ञापन अभियानमार्फत युवालाई आकर्षित गर्ने रणनीति अपनाइएको प्रतिवेदनमा जनाइएको छ ।

प्रतिवेदनअनुसार विश्वका करिब १६० देशमा निकोटिन पाउचसम्बन्धी स्पष्ट कानुनी तथा नियमनको व्यवस्था छैन । विश्वव्यापी रूपमा यसको बिक्री तीव्र गतिमा बढिरहे पनि पर्याप्त नियमन नहुँदा लाखौँ मानिस जोखिममा छन् ।

डब्ल्युएचओले सरकारहरूलाई स्वादयुक्त निकोटिनजन्य उत्पादनमाथि प्रतिबन्ध लगाउन, विज्ञापन, प्रवर्द्धन तथा प्रायोजन रोक्न, सार्वजनिक भित्री स्थानलाई पूर्ण रूपमा धूमपान तथा भेप-मुक्त क्षेत्र घोषणा गर्न तथा कानुनी कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आग्रह गरेको छ । सुर्ती तथा निकोटिनजन्य पदार्थको बढ्दो प्रयोग नियन्त्रण गर्न नसके भावी पुस्ताको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने चेतावनी दिँदै डब्ल्युएचओले स्वस्थ र सुरक्षित समाज निर्माणका लागि सबै पक्षको साझा प्रयासमा जोड दिएको छ । रासस

## देशभर ६२ लाख ४९ हजार ७३२ सवारीसधान

काठमाण्डु । देशभर दर्ता भएका सवारीसाधनको सङ्ख्या ६२ लाख माथि रहेको पाइएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार चालु आर्थिक वर्ष फागुन मसान्तसम्म कुल सवारीसाधनको सङ्ख्या ६२ लाख ४९ हजार ७३२ पुगेको छ ।

चालु आवको फागुन मसान्तसम्म मात्रै दुई लाख ८१ हजार ९२१ वटा दर्ता भएका थिए । दर्ता भएका सवारीसाधनमध्ये ५० लाख बढी मोटरसाइकल छन् ।

यसैगरी, फागुन मसान्तसम्म ४१ लाख १४ हजार १८१ वटा सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) जारी भएको छ । त्यसमध्ये चालु आवको आठ महिनासम्म ४३ हजार ७५० थान सवारी चालक अनुमतिपत्र जारी भएको थियो ।

चालु आवको प्रथम आठ महिनामा ८७ हजार १४ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएका छन् । तीमध्ये पाँच हजार १८६ थान जडान गरिएको छ ।

गत फागुन मसान्तसम्म कुल आठ लाख ३१ हजार ५९ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएकामा ८८ हजार ३४० थान जडान भएका छन् । इम्बोस्ड सवारी नम्बर प्लेट जडानसम्बन्धी निर्देशिका, २०८१ अनुसार नम्बर प्लेट जडान भइरहेको छ । रासस

# बैङ्क तथा वित्तीय संस्था परिसङ्घद्वारा बजेटको स्वागत

काठमाण्डु । बैङ्क तथा वित्तीय संस्था परिसङ्घ नेपालले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शुक्रबार प्रस्तुत गर्नुभएको बजेटको स्वागत गरेको छ ।

CONFEDERATION OF BANKS AND FINANCIAL INSTITUTIONS, NEPAL
बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल
Confederation of Banks and Financial Institutions Nepal (CBFIN)

आइतबार एक विज्ञप्ति जारी गर्दै परिसङ्घले बजेटमार्फत आर्थिक पुनरुत्थान, निजी क्षेत्रको मनोबल अभिवृद्धि, लगानी प्रवर्द्धन तथा उत्पादनमुखी अर्थतन्त्र निर्माणको दिशामा अघि सारिएका नीतिगत तथा संरचनागत सुधारका पहलको स्वागत गरेको हो ।

बैङ्किङ क्षेत्रबाट अपेक्षित कर्जा विस्तार हुन नसकेको अवस्था, बढ्दो खराब कर्जाको चुनौतीबाट प्रभावित हुँदै आएको अवस्थामा आगामी आर्थिक वर्षको बजेटले अर्थतन्त्र र आर्थिक गतिविधिलाई पुनः चलायमान बनाउने आशा र विश्वासको नयाँ आधार सृजना गरेको परिसङ्घको ठहर छ ।

विशेषगरी कर प्रणालीमा गरिएको सुधार, उद्योग-व्यवसायलाई प्रदान गरिएका सहुलियत, 'डिजिटल' अर्थतन्त्रको प्रवर्द्धन, प्रविधि एवं पूर्वाधार विकासमा प्राथमिकता, ऊर्जा क्षेत्रको विकासमा जोड दिएकाले बजेटले लगानीमैत्री वातावरण सृजना गरेको विज्ञप्तिमा उल्लेख छ ।

"आगामी आवको बजेटले निजी क्षेत्रलाई आर्थिक वृद्धिको प्रमुख साझेदार र संवाहकका रूपमा आत्मसात् गर्दै लगानी, उद्यमशीलता, नवप्रवर्तन तथा वित्तीय पहुँच विस्तारलाई प्राथमिकतामा राखेको स्पष्ट देखिन्छ", परिसङ्घले भनेको छ ।

व्यक्तिगत आयकरमा छुटको सीमामा वृद्धि, करको दरमा पुनरावलोकन, औद्योगिक कच्चापदार्थमा भन्सार सहजीकरण तथा वैकल्पिक वित्तीय उपकरणमार्फत पुँजी परिचालनका व्यवस्थाहरूले समग्र आर्थिक गतिविधिहरूमा सकारात्मक ऊर्जा सञ्चार गर्ने परिसङ्घले विश्वास गरेको छ । रासस


**शारदा डिस्टिलरी प्रा.लि.**
**गोलबजार न.पा.–९ (सिरहा)**
**फोन नं.: ०३३–५५००३५, ५५००२७**

## मूल्य सूची

**प्रकाशित मिति : २०८३।०२।१७**

यस उद्योगबाट उत्पादित ४० यू.पी. र ७० यू.पी. शक्तिको मदिरा आ.व. २०८३।२०८४ सालका लागि संसोधित मूल्य प्रकाशित भएको मिति देखि लागु हुने गरी अर्को मूल्य सुचि प्रकाशित नहुन्जेल सम्म निम्न बमोजिमको मूल्यमा बिक्री वितरण हुने हुदा सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र. सं. | ब्राण्डको नाम | मि.लि. लिटर | यू.पी. V/V शक्ति | वितरक मूल्य मू.अ.क. समेत Ex factory | वितरक कमिशन मू.अ.क. समेत | डिलर मूल्य मू.अ.क. समेत | डिलर कमिशन मू.अ.क. समेत | थोक मूल्य मू.अ.क. समेत | थोक बिक्रेताकमिशन मू.अ.क. समेत | खुद्रा बिक्रेता मुल्य मु.अ.क. समेत | खुद्रा बिक्रेताकमिशन मू.अ.क. समेत | उपभोक्ता मुल्य मु.अ.क. समेत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | प्रति कार्टुन | प्रति बोतल |
| 1 | Touch gold premium | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8836.60<br>8836.60<br>8992.54 | 45.20<br>45.20<br>45.20 | 8881.80<br>8881.80<br>9037.74 | 135.60<br>135.60<br>135.60 | 9017.40<br>9017.40<br>9173.34 | 135.60<br>135.60<br>135.60 | 9153.00<br>9153.00<br>9308.94 | 259.90<br>259.90<br>259.90 | 9412.90<br>9412.90<br>9568.84 | 784.41<br>392.20<br>199.35 |
| 2 | Tofan ,major,-shooter,Gaurav anguri, status,sa-hila,sharda dhudhi-ya, r/c premium O/c premium | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 8836.60<br>8836.60<br>8992.54 | 45.20<br>45.20<br>45.20 | 8881.80<br>8881.80<br>9037.74 | 135.60<br>135.60<br>135.60 | 9017.40<br>9017.40<br>9173.34 | 135.60<br>135.60<br>135.60 | 9153.00<br>9153.00<br>9308.94 | 259.90<br>259.90<br>259.90 | 9412.90<br>9412.90<br>9568.84 | 784.41<br>392.20<br>199.35 |
| 3 | Red night premium, Red night extra dry | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 9174.47<br>9174.47<br>9273.91 | 45.20<br>45.20<br>45.20 | 9219.67<br>9219.67<br>9319.11 | 135.60<br>135.60<br>135.60 | 9355.27<br>9355.27<br>9454.71 | 135.60<br>135.60<br>135.60 | 9490.87<br>9490.87<br>9590.31 | 259.90<br>259.90<br>259.90 | 9750.77<br>9750.77<br>9850.21 | 812.56<br>406.28<br>205.21 |
| 4 | Royal touch pre-mium Extra dry | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 9174.47<br>9174.47<br>9273.90 | 45.20<br>45.20<br>45.20 | 9219.67<br>9219.67<br>9319.11 | 135.60<br>135.60<br>135.60 | 9355.27<br>9355.27<br>9454.71 | 135.60<br>135.60<br>135.60 | 9490.87<br>9490.87<br>9590.31 | 259.90<br>259.90<br>259.90 | 9750.77<br>9750.77<br>9850.21 | 812.56<br>406.28<br>205.21 |
| 5 | Royal touch pre-mium | 750 ml<br>375 ml<br>180 ml | 40 up<br>40 up<br>40 up | 9174.47<br>9174.47<br>9273.90 | 45.20<br>45.20<br>45.20 | 9219.67<br>9219.67<br>9319.11 | 135.60<br>135.60<br>135.60 | 9355.27<br>9355.27<br>9454.71 | 135.60<br>135.60<br>135.60 | 9490.87<br>9490.87<br>9590.31 | 259.90<br>259.90<br>259.90 | 9750.77<br>9750.77<br>9850.21 | 812.56<br>406.28<br>205.21 |
| 6 | Gaurav suntala, | 300 ml | 70 up | 1200.06 | 11.30 | 1211.36 | 33.90 | 1245.26 | 33.90 | 1279.16 | 135.60 | 1414.76 | 47.16 |
| 7 | Gaurav sophi,Gaurav milky dhudhiya | 300 ml | 70 up | 1200.06 | 11.30 | 1211.36 | 33.90 | 1245.26 | 33.90 | 1279.16 | 135.60 | 1414.76 | 47.16 |
| 8 | Mitju sophi | 300 ml | 70 up | 1200.06 | 11.30 | 1211.36 | 33.90 | 1245.26 | 33.90 | 1279.16 | 135.60 | 1414.76 | 47.16 |
| 9 | Mitju special | 300 ml | 70 up | 1200.06 | 11.30 | 1211.36 | 33.90 | 1245.26 | 33.90 | 1279.16 | 135.60 | 1414.76 | 47.16 |
| 10 | Gaurav special, gaurav apples | 300 ml | 70 up | 1245.26 | 11.30 | 1256.56 | 33.90 | 1290.46 | 33.90 | 1324.36 | 135.60 | 1459.96 | 48.67 |

नोट:ढुवानी खर्च वाहेक

# अनुशासन सन्तुलन दुर्घटना न्यूनीकरण

टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको बर्दिवासमा सडक सुरक्षा, ट्राफिक व्यवस्थापन तथा दुर्घटना न्यूनीकरणका विषयमा व्यापक छलफल भएको छ । अन्तरक्रिया कार्यक्रममा सहभागी सरोकारवाला निकाय, सुरक्षा निकाय, यातायात व्यवसायी, चालक, पत्रकार, नागरिक समाज तथा जनप्रतिनिधिहरुले सडक सुरक्षालाई केवल ट्राफिक प्रहरीको जिम्मेवारी नभई सम्पूर्ण समाजको साझा दायित्वका रूपमा स्थापित गर्नुपर्नेमा जोड दिएका छन् ।




"ट्राफिक नियम, सभ्य नागरिकको चिनारी : सडक दुर्घटनामा हामी सबैको जिम्मेवारी, लागुपदार्थ सेवन गरी सवारी नचलाऔं" भन्ने मूल नारासहित आयोजित एकदिने कार्यक्रम नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग, काठमाडौंको समन्वय तथा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, मधेश प्रदेश र जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीको सहआयोजनामा सम्पन्न भएको हो ।

कार्यक्रममा सहभागीहरूले पछिल्लो समय सडक दुर्घटनाको संख्या बढ्दै जानुलाई केवल संयोग वा दुर्भाग्यका रूपमा नभई व्यवस्थागत कमजोरी, लापरबाही र चेतनाको अभावको परिणामका रूपमा विश्लेषण गरेका छन् । विशेषगरी पूर्व-पश्चिम राजमार्गसँग जोडिएको बर्दिवास क्षेत्रमा तीव्र गति, जथाभावी ओभरटेक, मादक पदार्थ सेवनपछि सवारी सञ्चालन, ट्राफिक नियमको अवहेलना तथा सडक अनुशासनको कमी दुर्घटनाका प्रमुख कारणका रूपमा औंल्याइएको छ ।

छलफलका क्रममा सहभागीहरूले दुर्घटनापछि क्षणिक आक्रोश व्यक्त गर्ने प्रवृत्ति भए पनि दुर्घटनाको मूल कारण न्यूनीकरण गर्न आवश्यक दीर्घकालीन व्यवहार परिवर्तनमा पर्याप्त ध्यान पुग्न नसकेको धारणा व्यक्त गरे। उनीहरूले सडक अनुशासनलाई जरिवानाबाट बच्ने उपायका रूपमा नभई जीवन सुरक्षाको संस्कारका रूपमा विकास गर्नुपर्नेमा जोड दिएका थिए ।

वक्ताहरूले दुर्घटना न्यूनीकरणका लागि कानुनको प्रभावकारी कार्यान्वयनसँगै 'सुरक्षित यात्रा संस्कृति' निर्माण अपरिहार्य रहेको बताएका थिए । चालक, सहचालक, यात्रु तथा पैदलयात्री सबैले जिम्मेवार व्यवहार अपनाए मात्र सडक दुर्घटना नियन्त्रण सम्भव हुने उनीहरूको भनाइ थियो ।

मादक पदार्थ सेवन गरेर सवारी चलाउने, क्षमताभन्दा बढी यात्रु बोक्ने, हेल्मेट वा सिटबेल्ट प्रयोग नगर्ने तथा मोबाइल फोन प्रयोग गर्दै सवारी चलाउने प्रवृत्तिले दुर्घटनाको जोखिम अत्यधिक बढाइरहेको विषयमा विशेष चिन्ता समेत उनीहरुले व्यक्त गरेका थिए ।

कार्यक्रममा सडक सुरक्षा केवल ट्राफिक प्रहरीको जिम्मेवारी नभएको निष्कर्षसमेत निकालिएको छ। स्थानीय तह, सडक निर्माण निकाय, यातायात व्यवसायी, विद्यालय, अभिभावक, चालक तथा आम नागरिक सबैले आ-आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए । जोखिमयुक्त सडक क्षेत्रमा संकेतचिह्न, सडक बत्ती, जेब्राक्रसिङ तथा अन्य सुरक्षा संरचना निर्माणमा स्थानीय तहको सक्रियता आवश्यक रहेको धारणा पनि राखिएको थियो ।

बढ्दो सवारी चापसँगै सडक जोखिम पनि बढिरहेको वर्तमान अवस्थामा कानुनी कडाइ, सुरक्षित पूर्वाधार, प्रभावकारी जनचेतना र नागरिक अनुशासनबीच सन्तुलन कायम गर्न सके मात्र दुर्घटना न्यूनीकरण सम्भव हुने निष्कर्ष कार्यक्रममा निकालिएको छ । सडकमा हिंड्ने पैदलयात्रीदेखि सवारी चालक, यात्रु, यातायात व्यवसायी र सुरक्षाकर्मी सबैको साझा प्रयासबाट मात्र सुरक्षित सडक संस्कृतिको निर्माण गर्न सकिने सन्देश कार्यक्रमले दिएको छ।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभागअन्तर्गत राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भुवनेश्वर तिवारी तथा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पथलैया बाराका प्रमुख प्रहरी उपरीक्षक ज्ञानेन्द्रबहादुर बस्नेतलगायतको व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

# रास्वपा नगर अधिवेशनमा झडप, ५ घाइते

रास्वपाले आगामी महाधिवेशनको तयारीस्वरुप देशभर नगर तथा स्थानीय तहका अधिवेशन सञ्चालन गरिरहेको छ । सोही अभियानअन्तर्गत मनरा शिसवामा आयोजना गरिएको अधिवेशनमा नेतृत्व चयनको विषय विवादको मुख्य कारण बनेको बताइएको छ ।

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरीस्थित मनरा शिसवा नगरपालिकामा आयोजित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नगर अधिवेशन नेतृत्व चयनको विवादका कारण तनावग्रस्त बनेको छ ।



नयाँ नेतृत्व चयन गर्ने प्रक्रिया र वर्तमान नेतृत्वलाई निरन्तरता दिने विषयमा दुई पक्षबीच चर्किएको विवाद झडपमा परिणत हुँदा एक जना कार्यकर्ता गम्भीर घाइते भएका छन् भने अन्य चार जना सामान्य घाइते भएका छन् ।

आइतबार आयोजित नगर अधिवेशनमा नेतृत्व चयनको विषयलाई लिएर कार्यकर्ताबीच लामो समयदेखि देखिएको असन्तुष्टि सतहमा आएपछि कार्यक्रमको वातावरण तनावपूर्ण बनेको थियो । प्रत्यक्षदर्शीका अनुसार अधिवेशनस्थलमै दुई पक्षबीच चर्काचर्की भएपछि स्थिति नियन्त्रणबाहिर गएको थियो । त्यसक्रममा हातहालाहालको अवस्था सिर्जना हुँदा मनरा शिसवा नगरपालिका-८ निवासी गोविन्द कापर घाइते भएका हुन् ।

झडपका क्रममा कापरको टाउकोमा चोट लागेको बताइएको छ। उनलाई तत्काल उपचारका लागि जलेश्वरस्थित प्रादेशिक अस्पताल पुर्‍याइएको थियो । अस्पताल स्रोतका अनुसार उनको उपचार भइरहेको छ । अन्य चार जना कार्यकर्ताले सामान्य चोटपटक बोकेका छन् भने उनीहरूको अवस्था सामान्य रहेको जनाइएको छ ।

रास्वपाले आगामी महाधिवेशनको तयारीस्वरूप देशभर नगर तथा स्थानीय तहका अधिवेशन सञ्चालन गरिरहेको छ । सोही अभियानअन्तर्गत मनरा शिसवामा आयोजना गरिएको अधिवेशनमा नेतृत्व चयनको विषय विवादको मुख्य कारण बनेको बताइएको छ ।

अधिवेशनमा सहभागी एक समूहले लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउन निर्वाचनमार्फत नयाँ नेतृत्व चयन गर्नुपर्ने अडान लिएको थियो । उनीहरूले प्रतिस्पर्धात्मक निर्वाचनबाट नेतृत्व छनोट भए मात्र संगठन बलियो हुने तर्क राखेका थिए ।

अर्कोतर्फ, अर्को समूहले पार्टीभित्र सहमति र एकतालाई प्राथमिकता दिँदै वर्तमान कार्यसमितिलाई नै निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरेको थियो । दुवै पक्ष आ-आफ्नो अडानबाट पछि नहटेपछि विवाद बढ्दै गएको र अन्ततः झडपको स्थिति सिर्जना भएको स्थानीय कार्यकर्ताहरूले बताएका छन् ।

घाइते भएका गोविन्द कापरले वर्तमान नगर सभापति रोमन सिंहमाथि गम्भीर आरोप लगाएका छन् । वर्तमान नेतृत्व पक्षले पुनः नेतृत्वमा निरन्तरता कायम राख्न खोज्दै निर्वाचन प्रक्रिया अघि बढ्न नदिन दबाब सिर्जना गर्दा विवाद उत्पन्न हुँदा आफूहरूमाथि हातपात भएपछि झडपको अवस्था उत्पन्न भएको उनले बताएका छन् ।

झडपपछि अधिवेशनको सम्पूर्ण वातावरण प्रभावित भएको सहभागीहरूले बताएका छन् । कार्यक्रम सञ्चालनमा अवरोध पुगेको र नेतृत्व चयन प्रक्रिया समेत प्रभावित बनेको जनाइएको छ । स्थानीय स्तरका कार्यकर्ताहरूका अनुसार अधिवेशनअघि नै संगठनभित्र असन्तुष्टि बढ्दै गएको हो ।

महोत्तरीमा रास्वपाभित्र नेतृत्व चयनलाई लिएर विवाद देखिएको यो पहिलो घटना भने होइन । यसअघि जलेश्वर नगर अधिवेशन पनि नेतृत्व चयन प्रक्रियाकै विषयमा उत्पन्न विवादका कारण प्रभावित बनेको थियो । त्यसबेला समेत निर्वाचन गर्ने वा सहमतिबाट नेतृत्व चयन गर्ने विषयमा कार्यकर्ताहरूबीच मतभेद देखिएको थियो ।


लगातार दुई नगर अधिवेशनमा विवाद उत्पन्न भएपछि महोत्तरी जिल्लामा रास्वपाको संगठनात्मक अवस्थाबारे प्रश्न उठ्न थालेको छ । स्थानीय राजनीतिक विश्लेषकहरूका अनुसार पार्टी विस्तारसँगै नेतृत्वको आकांक्षा बढ्दा आन्तरिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको देखिन्छ ।

रास्वपाले देशव्यापी रूपमा संगठन सुदृढीकरण, सदस्यता विस्तार तथा आन्तरिक लोकतन्त्रको अभ्यासलाई प्राथमिकता दिइरहेको दाबी गर्दै आएको छ । तर, महोत्तरीमा नगर अधिवेशनकै क्रममा झडप, घाइते र कार्यक्रम अवरुद्ध हुने अवस्था सिर्जना भएपछि पार्टीको आन्तरिक व्यवस्थापन क्षमता र लोकतान्त्रिक अभ्यासमाथि प्रश्न उठ्न थालेको छ।

# डिजेविरुद्ध प्रदेश सरकारको कडा कदम

टुडे समाचारदाता

जनकपुरधाम ।सार्वजनिक स्थलमा बढ्दो डीजे आतंक तथा ध्वनि प्रदूषण नियन्त्रण गर्न मधेश प्रदेश सरकारले कडा कदम चाल्ने भएको छ ।




गृह, सञ्चार तथा कानुन मन्त्रालयको नेतृत्वमा बसेको सरोकारवाला निकायको बैठकले पर्सा, बारा लगायत प्रदेशका आठवटै जिल्लामा अत्यधिक आवाज निकाल्ने डीजे तथा ध्वनि उपकरणको प्रयोग नियन्त्रण गर्ने निर्णय गरेको हो ।

बैठकले ध्वनि प्रदूषण नियन्त्रणका लागि स्थानीय तहहरूसँग समन्वय गरी सुरक्षा निकायमार्फत निगरानी र नियन्त्रण अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। मधेश प्रदेशका गृहमन्त्री फकिरा महतोले यस सम्बन्धमा प्रहरी प्रशासनलाई आवश्यक निर्देशन दिइ सकिएको जानकारी दिएका छन् ।

बैठकमा मधेश भवनको सुरक्षा व्यवस्थापन, कर्मचारी आवास क्षेत्रको व्यवस्थित उपयोग, गुठी जग्गा संरक्षण, फुटपाथ अतिक्रमण नियन्त्रण तथा जनकपुरधाम परिक्रमा क्षेत्रभित्र मदिरा बिक्री-वितरण नियन्त्रणका विषयमा समेत महत्वपूर्ण निर्णय गरिएको छ ।

मधेश भवन परिसरको सुरक्षा अवस्था सुदृढ बनाउन १५ दिनभित्र विस्तृत सुरक्षा मानक सञ्चालन कार्यविधि (एसओपी) तयार गर्न समिति गठन गरिने भएको छ भने भवन परिसरको दैनिक सरसफाइको जिम्मेवारी ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई दिने र नियमित अनुगमनको व्यवस्था मिलाइने निर्णय गरिएको छ ।

बैठकले मधेश भवनभित्र रहेको कर्मचारी आवास क्षेत्रमा बसोबास गरिरहेका अनाधिकृत व्यक्तिको पहिचान गरी कानुनी प्रक्रिया पूरा गर्दै निश्चित समयसीमाभित्र खाली गराउने निर्णय पनि गरेको छ । सो कार्यको समन्वय गृह मन्त्रालयअन्तर्गतको जिन्सी शाखा प्रमुखले सुरक्षा निकायसँग मिलेर गर्नेछन् ।

त्यसैगरी, गुठीका जग्गाको अभिलेख अद्यावधिक गर्ने, अतिक्रमण भएका जग्गा फेला परे कानुनी कारबाही अघि बढाउने तथा दीर्घकालीन संरक्षणका लागि गुठी संस्थान शाखा कार्यालय जनकपुरलाई कार्ययोजना तयार गर्न निर्देशन दिइएको छ ।

फुटपाथ तथा सार्वजनिक स्थानमा भएका अनधिकृत संरचना हटाउन स्थानीय तहले सुरक्षा निकायको सहयोग मागे आवश्यक सहयोग उपलब्ध गराउने निर्णयसमेत बैठकबाट गरिएको जनाइएको छ ।

# घरटहरा हटाउनेविरुद्ध आन्दोलन, बजार बन्द

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरीको गौशाला नगरपालिकाले ऐलानी पर्ती जग्गामा रहेको घरटहरा हटाउने तयारी गरेपछि नगरपालिकाविरुद्ध विरोध प्रदर्शन गरिएको छ ।



स्थानीयले गौशाला बजार बन्द गरी विभिन्न चोकहरूमा टायर बालेर आइतबार बिहानदेखि प्रदर्शन गरेका छन् । नगरपालिकाले कित्ता नं. ११५, ११६ र ११७ मा निर्मित घरटहरा हटाउने तयारी गरेपछि स्थानीयवासीले संघर्ष समिति गठन गर्दै आन्दोलनमा उत्रेका हुन् ।

स्थानीयले देवनारायण महतोको अध्यक्षतामा १५ सदस्यीय संघर्ष समिति गठन गरेका छन् । नगरपालिकाको निर्णयविरुद्ध आन्दोलनलाई व्यवस्थित र प्रभावकारी बनाउन समिति गठन गरिएको जनाइएको छ ।

यसअघि स्थानीयवासीले शुक्रबार र शनिबार गौशाला बजार क्षेत्रमा ब्यानर तथा प्लेकार्डसहित विरोध प्रदर्शन गरेका थिए। नगरपालिकाले घर भत्काउने तयारी थालेको भन्दै स्थानीयवासीले त्यसप्रति असन्तुष्टि जनाएका हुन् ।

संघर्ष समितिका सदस्य नरेश सिंह कुशवाहाले ५० वर्षभन्दा बढी समयदेखि (राणाकालदेखि नै) बसोबास गर्दै आएका परिवारलाई उचित व्यवस्थापन नगरी घर हटाउने प्रयास गरिएको भन्दै त्यसको विरोधमा आन्दोलन सुरु गरिएको बताए। उनले भने स्थानीयवासीको बसोबास अधिकार संरक्षणका लागि चरणबद्ध आन्दोलनका कार्यक्रम सञ्चालन गरिनेछ ।

आइतबार बिहान ७ देखि १० बजेसम्म गौशाला बजार बन्द गरी विरोध कार्यक्रम सञ्चालन गरिएको छ । स्थानीय जगदीश प्रसाद गुप्ताले नगरपालिकाको निर्णय फिर्ता गराउन क्रमिक रूपमा थप आन्दोलनका कार्यक्रम घोषणा गरिने बताएका छन् ।

गौशाला बजारस्थित कित्ता नं. ११५ मा हाल ३४ घरपरिवार बसोबास गर्दै आएका छन्। स्थानीयवासीले आफूहरू ५० वर्षदेखि यस क्षेत्रमा बसोबास गर्दै आएको जनाउँदै वैकल्पिक व्यवस्था बिना घर हटाउने निर्णय स्वीकार्य नहुने बताएका छन् ।

यस सन्दर्भमा गौशाला नगरपालिकाका मेयर डा. दिपेन्द्र महतोले संघीय सरकार अन्तर्गत गृह मन्त्रालयको निर्णय तथा जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट प्राप्त सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र अतिक्रमण हटाउनेसम्बन्धी पत्रका आधारमा गौशाला बजार स्थित कित्ता नं. ११५ खाली गराउने प्रक्रिया अघि बढाइएको जानकारी दिएका छन ।

मेयर महतोका अनुसार जिल्ला प्रशासन कार्यालयबाट आएको उक्त निर्देशनात्मक पत्र नगरपालिकामा प्राप्त भएलगत्तै सोहीअनुसार स्थानीय सरकारले आवश्यक प्रक्रिया अघि बढाएको हो । उनले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु स्थानीय सरकारको प्रमुख दायित्व भएकाले सोही जिम्मेवारीअनुसार कार्य अघि बढाइएको स्पष्ट पारेका छन् ।

पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं

- धारा खुला छोड्ने बानी त्यागौं,
- वर्षाको पानी संकलन र पुनःप्रयोग प्रणाली अपनाऔं,
- नदी, ताल, पोखरी तथा मुहानहरुमा फोहर नफालौं,
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
- प्लाष्टिक तथा रासायनिक पदार्थले पानी प्रदुषण नगरौं,
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं।

पानी जीवन हो–यसको संरक्षण हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बालबालिका पनि सूर्तिजन्य पदार्थको लत

टुडे समाचारदाता

जनकपुरधाम । स्कूले बालबालिकामा पनि सुर्तीजन्य पदार्थ सेवन गर्ने लत रहेको जनाइएको छ । 'विश्व सुर्तीजन्य पदार्थरहित दिवस'का अवसरमा स्वास्थ्य सेवा विभागले यहाँ आयोजना गरेको कार्यक्रममा विद्यालय पढ्ने १२ वर्षमुनिका बालबालिकाले पनि चुरोट सेवन गर्ने गरेको जनाइएको हो ।




नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अनुसन्धानकर्ता कुसुम शाहीले अध्ययन प्रतिवेदन प्रस्तुत सातवटै प्रदेशका ५० वटा विद्यालयमा कक्षा ७ देखि १० सम्म पढ्ने तीन हजार बालबालिकामा अध्ययन गरिएको जानकारी दिए ।

उनका अनुसार अध्ययनमा १० वर्षमुनिका बालबालिकाले पनि चुरोट सेवनमा लागेको पाइएको छ । त्यस क्रममा ५७ प्रतिशत मानिसले बिहान उठ्नबित्तिकै चुरोट खाने गरेको, र ७४ प्रतिशत सेवनकर्ताले चुरोट छाड्न कोशिस गरे पनि नसकिरहेको उल्लेख छ ।

कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अतिरिक्त सचिव डा श्रीकृष्ण श्रेष्ठले सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगले किशोर किशोरीलाई लत बसाल्नका लागि हुक्का, भेपजस्ता स्वादिलो र मिठास सुगन्ध आउने 'फ्लेवर' राखेर बिक्री गर्ने पाइएको बताए । उनले हाल किशोर किशोरीमा चुरोट, भेप र हुक्काको आकर्षण बढेकाले अभियान सञ्चालन गरेर रोक्नुपर्ने बताए ।

अतिरिक्त सचिव डा श्रेष्ठले भेप र हुक्काजस्ता कुनै पनि हानिकारक पदार्थको सेवन नगर्नसमेत आग्रह गरे । उनले सुर्तीजन्य पदार्थको रोकथाम र नियन्त्रणका लागि कानुन कार्यान्वयनमा जोड दिनुपर्ने बताए । 'मुलुकलाई सुर्तीमुक्त अभियान सञ्चालन गरेर मुटु, फोक्सो, मिर्गौला र क्यान्सरजस्ता रोगको उपचारमा लाग्ने खर्च जोगाउन सकिन्छ । यसमा सबैले ध्यान दिनुपर्छ', श्रेष्ठले भने ।

स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा अनुज भट्टचनले सुर्तीजन्य पदार्थ सामाजिक विष रहेकाले सबैको सहयोगबाट यसलाई रोक्न सकिने बताए । उनले 'सुर्तीजन्य पदार्थ एकप्रकारले सामाजिक विष नै हो । यसलाई सबै मिलेर समाजबाट हटाउनुपर्दछ' भने ।

निमित्त महानिर्देशक डा भट्टचनले सुर्तीजन्य पदार्थ रोकथाम र नियन्त्रण गर्न सरकार लागिपरेको र यसमा सबैको साथ आवश्यक रहेको धारणा राखे । कार्यक्रममा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा वासुदेव उपाध्यायले आफ्नो घरमा कोही सुर्तीजन्य पदार्थ सेवनकर्ता छ भने छोडाउन आग्रह गरे ।

स्वास्थ्य अभियन्ता शान्तराज मुल्मी, डा जयकुमार गुरुङ, ज्योति बानियाँले युवालाई सुर्तीजन्य पदार्थको रोकथाम र नियन्त्रण गर्न अभियान सञ्चालन गरिनुपर्नेमा जोड दिए । धूमपान र सुर्तीजन्य पदार्थले क्यान्सर, मुटुरोग, श्वासप्रश्वाससम्बन्धी दीर्घ रोग, मधुमेहजस्ता नसर्ने रोगहरू निम्त्याउने गरेको र नेपालमा हरेक वर्ष सुर्तीजन्य पदार्थको सेवनबाट ३९ हजारभन्दा बढी मानिसको मृत्यु हुने गरेको दाबी गरिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८